का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ असार २०८२,
आइतबार
22 June, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १४० । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



# अर्को झमेलामा रास्वपा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ७ असार

स्थापनाको चौथो वर्षमा प्रवेश गरेको प्रतिनिधिसभाको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अर्को झमेलामा फसेको छ । पार्टीले साधारण सदस्यसमेत नरहनेगरी कारवाही गरेका पूर्वमहामन्त्री डा.मुलुक ढकाललाई निर्वाचन आयोग नेपालले महामन्त्री कायम रहेको तथ्य सार्वजनीक गरेसँगै पार्टीमा नयाँ समस्या बल्झिएको हो ।

ढकालले गत बुधबार निर्वाचन आयोगमा अभिलेखको विवरण अद्यावधिक भए नभएकोवारे सूचना माग गरेका थिए । सो निवेदनका सन्दर्भमा आयोगले २० चैत, २०८० यता पार्टीको विवरण अद्यावधिक नभएको जवाफ दिएपछि रास्वपाको आधिकारीक सूचीमा ढकाल नै महामन्त्री देखिन्छन् । पार्टीको केन्द्रीय समिति र सदस्यहरूको विवरण १५ महिनाअघि हेरफेर भएको र त्यसयता केही अद्यावधिक नभएको आयोगको जिकिर छ ।

शनिबार तेस्रो वार्षिक उत्सव मनाउँदै गर्दा पार्टीले कार्यबाहक महामन्त्री कविन्द्र बुर्लाकोटीलाई महामन्त्री बनाउने निर्णय गरेको छ । तर, निर्वाचन आयोगले ढकाल नै महामन्त्री रहेको सन्देश प्रवाह गरेपछि रास्वपामा २ वटा महामन्त्रीको लफडा थपिएको रास्वपाका एक नेताले बताए । उनले मध्यान्हसँग भने 'पार्टी स्थापना देखिनै समस्यामा पर्दै आएको पार्टी हो । आन्तरिक र बाह्य समस्या झेल्दै आएका कारण यो पार्टीले नागरिकका समस्यालाई उचाईमा पुऱ्याउनै सकेन ।'

२० चैत, २०८० मा निर्वाचन आयोगको बैठकले रास्वपाको विधानको दोस्रो संशोधन अभिलेखिकरण गरेको थियो । त्यसक्रममा केही पदहरू हेरफेर भएका थिए । त्यसअघि रास्वपामा सभापति रवि लामिछाने, उपसभापति डोल प्रसाद अर्याल र महामन्त्री तथा प्रवक्तामा डा. मुकुल ढकाल थिए । महामन्त्री मुकुल ढकालले देशव्यापी भ्रमण गरी पार्टीको वास्तविक पृष्ठ २ मा



"निकै दुःख गरेर निर्माण गरेको पार्टीलाई एउटा व्यक्तिगत क्लबजस्तो बनाउने कुरामा फरक मत राख्दा मलाई निकालिएको हो, आधिकारिकरूपमा म पार्टीको महामन्त्री कायमै छु, लामिछाने क्लबबाट निकालिएँ तर पार्टी विस्तारै हामीसँगै आउँछ

**मुकुल ढकाल**
निलम्बित महामन्त्री



"दलको विवरण परिवर्तनको पत्र १७ साउन २०८१ मा निर्वाचन आयोगमा दर्ता गरिएपनि हालसम्म अद्यावधिक नगरिनु सरकारी कामको वदमासी हो

**गणेश कार्की**
केन्द्रीय सदस्य


## सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा-
- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
- नियमित मर्मतसम्भार गरौं ।
- निर्माण अघि स्वीकृति लिऔं ।

'बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं'

नेपाल सरकार
विज्ञापन बोर्ड


## चितवनमा सवारी दुर्घटना
# ७ जनाको मृत्यु २४ घाइते



**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असार ।

चितवनमा भएको सवारी दुर्घटनामा परी ७ जनाको मृत्यु भएको छ । २४ जना घाइते घाइते भएका छन् ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत चितवनको राप्ती नगरपालिकाको खहरे पुलमा सवारी दुर्घटना भएको हो । शनिबार गोरखा-आँबुखैरेनी सडक खण्डअन्तर्गत गोरखा नगरपालिका-११, पन्ध्रकिलोमा ध १ ख ४६२ नम्बरको माइक्रो अनियन्त्रित भएर सडक छेउको नालामा पल्टिएको थियो ।

उक्त माइक्रोमा पूर्वी नवलपरासीबाट गोरखा भ्रमणमा गएका १६ यात्रु सवार थिए । चितवन जिल्ला प्रहरी प्रमुख गोविन्द पुरीका अनुसार धनगढीबाट काँकडभिट्टाका लागि छुटेको यात्रुवाहक बस र मकवानपुरबाट नारायणगढ हिँडेको विद्युतीय सवारी साधन ठोक्किएर दुर्घटना भएको हो ।

दुर्घटनामा परेर मृत्यु हुनेमा मकवानपुर हटिया ३ बस्ने ५५ वर्षीय सोमप्रसाद रुपाखेती, मकवानपुर हेटौंडा ५ बस्ने ५३ वर्षीया मैंयाकुमारी न्यौपाने पहाडी रहेका छन् ।

सनाखत हुन नसकेका ३ जना महिला र एक जना पुरुष रहेका छन् । एक जना गर्भवती थिइन् । घाइतेहरूमा मकवानपुर हेटौंडाका सक्षम थापा, सिंहबिर घलान, विष्णु लम्साल, गंगा घलान रहेका छन् ।

झापा गौरादहकी सुशीला बराल, उमा बराल, कञ्चनपुर बेलौरी नगरपालिकाका वीरबहादुर जैसी, रुकुमपश्चिम आठबिसकोट नगरपालिका ९ का सन्देश ओली, अछाम साफेबगर नगरपालिकाका अर्जुनबहादुर राउत, कैलाली लम्कीचुवा नगरपालिका ४५ पृष्ठ २ मा

## दैलेखमा मिथेन ग्यास
# जस लिने होड



**निमिष झा/मध्यान्ह**
काठमाडौं ७ असार

दैलेखमा ११२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको पत्ता लागेपछि शुक्रबार देशैभर यसको चर्चा भयो । आम नागरिकसहित राजनीकि वृत्तमा पनि यो विषयले चर्चा पायो ।

सत्तापक्ष र प्रतिपक्ष दलका शीर्ष नेताबीच पनि दैलेखमा भेटिएको प्राकृतिक मिथेन ग्यासको विषयले प्रवेश पायो । शीर्ष नेताहरू खुसी पनि बाँडे ।

संक्रमणकालीन न्याय सम्बन्धी छलफल गर्न प्रधानमन्त्री निवास सिंहदरबारमा शुक्रबार बसेको ठूला ३ दल नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्रका शीर्ष नेताहरूले दैलेखमा ग्यास भण्डार भेटिएपछि खुसी बाँडे । बैठकको सुरुमै प्रधानमन्त्री केपी शर्मा ओलीले दैलेखमा धेरै मात्रामा ग्यास रहेको पाइएकोमा देशकै लागि खुसीको क्षण भएको बताएका थिए ।

'दैलेखमा ग्यास, पेट्रोलियम पदार्थको खानी भेटिनु खुसीको कुरा हो । यसमा हामी सबैले खुबै साटौं,' बैठकमा प्रधानमन्त्री ओलीले भनेका थिए । प्रधामनन्त्रीले यसको सुरुवात जुन सरकारले सुरु गरे पनि देशभित्र ठूलो खानी पत्ता लाग्नु महत्त्वपूर्ण भएकाले खुसी साट्नु उपयुक्त हुने बताएका थिए । प्रधानमन्त्रीको भनाइप्रति कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि समर्थन गर्दै यो खुसीको विषय भएको बताएका थिए ।

यसै वर्ष जेठमा माओवादी केन्द्रले मध्यपहाडी राजमार्गमा राजनीतिक अभियान गरेको थियो । त्यसक्रममा अध्यक्ष ओलीले दैलेखमा रहेको खानी उत्खनन क्षेत्रको अवलोकन गर्दै आफ्नै नेतृत्वको सरकारमा खानी अन्वेषण भएको दाबी गरेका थिए ।

खानी अन्वेषणको काम आफुनो नेतृत्वको सरकारको पालमा भएको अध्यक्ष प्रचण्डले दाबी गरे जस्तै प्रधानमन्त्री ओलीले यसको जस आफूले लिन खाजेका छन् ।

दैलेखमा ठूलो मात्रमा प्राकृतिक ग्यास पत्ता लागेको निश्चित भएपछि प्रचण्ड र ओलीबीच यसको जस लिने होडबाजी सुरु भएको हो ।

प्रधानमन्त्री ओलीले शुक्रवार बिहान फेसबुकमा आफ्नो हात जोडेको तस्बिरसहितको एक पोस्ट सार्वजनिक गरे । तस्बिरको पृष्ठभूमिका दैलेखमा पेट्रोलियम पदार्थको अध्ययन स्थापना गरिएको संरचना देखिन्छ । तस्बिरको माथि ठूलो अक्षरमा पृष्ठ २ मा

## भारतमा बन्धक बनाइएका ३५ नेपालीको उद्धार

**काठमाडौं/मस**–भारतमा बन्धक बनाइएका नेपालीको उद्धार भएको छ । आकर्षक रोजगारीको झुटो आश्वासनमा फसेर भारतको उत्तराखण्डस्थित काशीपुरमा बन्धक बनाइएका ३५ जना नेपाली युवकको उद्धार गरिएको हो ।

नयाँदिल्लीस्थित नेपाली दूतावासका अनुसार पीडितहरूलाई नेपालका विभिन्न जिल्लाबाट झुक्याएर भारत पुऱ्याई बन्धक बनाइएकै अवस्थामा कुटपिट, यातना र आर्थिक शोषण गरिएको थियो । घटनाको जानकारी पाएपछि परराष्ट्र मन्त्रालयको निर्देशनमा दूतावासले उत्तराखण्ड प्रहरीले स्थानीय सामाजिक संस्थाको सहयोगमा बिहीबार उनीहरूको उद्धार गरेको हो ।

दूतावासले शनिबार एक विज्ञप्ति जारी गर्दै उत्तराखण्ड प्रहरी र केआइन इन्डियाको सहयोगमा उनीहरूको उद्धार गरिएको जनाएको छ ।

उद्धारपछि घटनामा संलग्न केही व्यक्तिलाई उत्तराखण्ड प्रहरीले पक्राउ पनि गरेको । यस्तै अन्य स्थानमा अझै पनि नेपालीहरू बन्दी बनाइएका हुन सक्ने आशंकामा खोजी र उद्धार कार्य जारी रहेको दूतावासले बताएको छ ।

दूतावासले उद्धार गरिएका व्यक्तिहरूलाई कानुनी प्रक्रिया पूरा गरेपछि नेपाल फर्काइने जानकारी दिएको छ ।

## वैदेशिक रोजगार विशेष

### संसद्मा सांसदहरूको टिप्पणी
# सरकार र बजेट वैदेशिक रोजगार क्षेत्रप्रति उदासीन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असार

प्रतिनिधिसभामा प्रतिपक्षी दलका सांसदहरूले रेमिट्यान्समार्फत् मुलुकको अर्थतन्त्रमा योगदान गरिरहेको वैदेशिक रोजगार क्षेत्रप्रति सरकार र बजेट उदासीन रहेको टिप्पणी गरेका छन् ।

प्रतिनिधिसभाको शनिबारको बैठकमा 'विनियोजन विधेयक, २०८२' अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसहित विभिन्न १०वटा मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफल भएको थियो । छलफलमा सांसदहरू लालप्रसाद साँवा लिम्बु, विमला सुवेदी, डा.चन्द्रकान्त भण्डारी, सुनिता बराल, मीना तामाङ, दीपा शर्मा, देवप्रसाद तिमिल्सिना, नागिना यादव, सिराज अहमद फारुकी, हृदयराम थानी, देवेन्द्र पौडेल, पृष्ठ २ मा

## वरिष्ठ व्यवसायी केसी सम्मानित

**काठमाडौं/मस**–हेल्थ नेपाल स्पोर्टस् क्लबले वरिष्ठ वैदेशिक रोजगार व्यवसायी एवं प्याराडाइज इन्टरनेशनल प्रालीका अध्यक्ष नवराज केसीलाई सम्मान गरेको छ । ८ जेठदेखि १८ जेठसम्म पोखरामा भएको भलिबल प्रतियोगितामा क्लबलाई आर्थिक तथा अन्य सहयोग गरी हौसला बढाएको पृष्ठ २ मा



## इरानबाट नेपालीको उद्धार गर्न भारतले सहयोग गर्ने

**काठमाडौं/मस**–इजरायल-इरान युद्धका कारण इरानमा रहेका नेपालीलाई उद्धार गरिने भएको छ । परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले भारत सरकारको सहयोगमा उनीहरूको उद्धार गरिने जानकारी दिइन् । इरानमा रहेका १६ जना नेपालीको उद्धारका निम्ति आफूले भारत सरकारसँग आग्रह गरेको बताउँदै मन्त्री राणाले त्यसप्रति भारत सकारात्मक रहेको बताइन् । 'इरानमा केही नेपाली हुनुहुन्छ, पृष्ठ २ मा

# गिद्धे प्रेसद्वारा दुई पुरस्कार वितरण

**काठमाडौं/मस–** 'उत्साह र समर्पणको पहिलो वर्ष' भन्ने मूल नाराका साथ यूट्युब पत्रकारिता क्षेत्रमा सक्रिय गिद्धे प्रेसले आफ्नो पहिलो वार्षिकोत्सव मनाएको छ।

वार्षिकोत्सवको अवसरमा प्रेसले पहिलो पटक 'गिद्धे प्रेस अमर स्रष्टा सत्यमोहन जोशी राष्ट्रिय सिर्जना पुरस्कार २०८२' साहित्यकार श्याम प्रधान र 'गिद्धे प्रेस सोमनाथ घिमिरे राष्ट्रिय पत्रकारिता पुरस्कार' विपी कोइरालालाई प्रदान गरेको छ।

नगद राशीसहितका यी पुरस्कार प्रेसले आफ्नो पहलमा स्थापना गरेको हो। पुरस्कार प्रदान गर्दै कार्यक्रमका प्रमुख अतिथि एवं ललितपुर महानगरपालिकाका नगरप्रमुख चिरीबाबु महर्जनले सत्यमोहनको योगदान र ललितपुर नगरले उहाँको सम्मानमा गरेको कामकाबारे चर्चा गर्दै यस्ता अभियानले सत्यमोहन जोशीको



योगदान जीवन्त हुने र पुरस्कृत व्यक्तिको पनि उचित मूल्यांकन हुने बताए।

उनले नेपाली यूट्युब पत्रकारितामा गिद्धे प्रेसले परिपक्व पत्रकारिता गरिरहेको बताउँदै जीवनमा पहिलो पटक अन्तरवार्तामा गिद्धे प्रेससँग धेरै अन्तरंग भएर खुलेको समेत बताए।

कार्यक्रममा डा.तुलसी भट्टराईले साहित्यमा सत्यमोहन जोशीको योगदानलाई चीरकालसम्म सम्झाउन यस्ता कार्यक्रम प्रभावकारी हुने बताउँदै पुरस्कृत प्रधान यस्ता पुरस्कारको हक राख्न सक्ने प्रतिभा भएको बताए।

यस्तै कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति विष्णुविभु घिमिरेले साहित्य र पत्रकारितालाई सँगैसँगै जोडेर गिद्धे प्रेसले गरेको काम उदाहरणीय भएको बताए। कार्यक्रममा वरिष्ठ पत्रकार सोमनाथ घिमिरेले आफ्नो नामबाट पुरस्कार स्थापना गरेको सुनेर आश्चर्यमा परेको बताउँदै वर्तमान समयमा नेपाली पत्रकारिता जोखिममा रहेको बताए।

पुरस्कृत प्रधानले यसरी यति ठूलो नामसँग जोडिएको पुरस्कार आफुले प्राप्त गरुँला भन्ने कल्पना नगरेको बताउँदै पुरस्कारले साहित्य सेवामा सक्रिय भएर काम गर्न अझ हौसला मिलेको बताए।

यस्तै कार्यक्रममा गिद्धे प्रेसका सम्पादक एवं संचालक कवि ठाकुर बेलवासेले साहित्य र पत्रकारिताका क्षेत्रमा यसरी पुरस्कार स्थापना गर्दा संस्था अझ बलियो हुने र कामको क्षेत्र फराकिलो हुने बताए। उनले यी पुरस्कारहरूलाई स्थागत बनाउने प्रण समेत गरे।

बेलवासेले भ्यूज र पैसाका लागि मात्रै गिद्धे प्रेसले काम नगरेको बताउँदै आफुहरूले प्रशारण गरेका हरेक सामग्री अर्काइभमा सुरक्षित गरेको बताए। पत्रकारितामा पैसा भन्दा पनि भावनाले काम गर्न प्रेरणा दिने उनको भनाइ थियो। कार्यक्रममा उपस्थित अतिथिहरूलाई कवि प्रधुम्न जोशीले स्वागत गरेका थिए भने कार्यक्रमको संचालन कवि युवराज शर्माले गरेका थिए।

नभित्र्याएर व्यापार घाटाको सन्तुलन मिलाएको, सीप, जीवनशैली र नयाँ सभ्यता सिकाएकाले यस क्षेत्रलाई सरकारले गम्भीरताका साथ लिनुपर्नेमा जोड दिए।हाल मुलुकमा देखिएको भिजिट भिसाको बेथिति यूरोपेली मुलुक र जापानमा रहेका नेपाली राजदूतावासले मागपत्र प्रमाणीकरण नगर्दाको परिणाम भएको भन्दै सांसद लिम्बूले सरकारले अविलम्ब मागपत्र प्रमाणीकरण गर्ने व्यवस्था गर्न जरुरी रहेको बताए।

उनले मागपत्र प्रमाणीकरण र श्रम स्वीकृति रोक्दा भिजिट भिसा बढेको कारणले खाडी मुलुक घरेलु कामदारको समस्या बढेको भन्दै भिजिट भिसा सम्बन्धमा गम्भीरताका साथ अध्ययन अनुसन्धान हुन जरुरी रहेको सुझाव दिए। यस्तै सांसद रमा कोइरालाले वैदेशिक रोजगारका समस्या समाधानका लागि परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच उचित समन्वय हुनुपर्ने सुझाव दिइन्।

**वरिष्ठ...**

भन्दै क्लबले व्यवसायी केसीलाई कदर स्वरूप सम्मान गरेको हो। शुक्रबार प्याराडाइज इन्टरनेशनलको ललितपुर बखुण्डोलस्थित कार्यालयमा आयोजित एक संक्षिप्त कार्यक्रममा क्लबका अध्यक्ष वासुदेव श्रेष्ठले व्यवसायी केसीलाई सम्मानपत्र प्रदान गरे। उक्त राष्ट्रिय भलिबल प्रतियोगिताको उपाधि हेल्थ नेपाल स्पोर्टस् क्लबले जितेको थियो।

क्लबका अध्यक्ष श्रेष्ठले क्लबले प्रतियोगिताको उपाधि हासिल गर्न प्याराडाइज इन्टरनेशनको सहयोग र समर्थनको क्लबले उच्च मूल्यांकन गरेको पनि बताए।

प्रशंसा तथा सम्मान प्रमाणपत्रमा क्लबले भनेको छ, 'हामी तपाईंको उदार प्रायोजन र टिपटप हेल्प नेपाल स्पोर्टस् क्लवप्रतिको अटल समर्थनको सम्मानमा यो प्रमाणपत्र गर्वका साथ प्रस्तुत गर्दछौं, जसले हामीलाई २२ मे देखि २९, २०२५ सम्म गण्डकी प्रदेशको कास्कीको पोखरा रंगशालामा आयोजित राष्ट्रिय पुरुष भलिबल लिग २०८२ मा प्रथम स्थान हासिल गर्न सफल बनायो।'

राष्ट्रिय पुरुष भलिबल लिग २०८२ मा प्रथम स्थान हासिल गर्न सफल टिमले १४ देखि २० जुलाई २०२५ सम्म माल्दिभ्सको राजधानी मालेमा आयोजना हुने काभा पुरुष च्याम्पियन्स लिग २०२५ मा नेपालको प्रतिनिधित्व गर्ने छ। अध्यक्ष श्रेष्ठले उक्त प्रतियोगिताको जितले क्लबलाई प्रतिष्ठित एसियाली क्लब च्याम्पियनशिप २०२६ को लागि छनोट गरेको बताए। त्यसअवसरमा प्रालीका अध्यक्ष केसीले आफ्नो कम्पनीले वेरोजगार युवायुवतीलाई विदेशमा रोजगारी दिलाउनुका साथै दैवीप्रकोप पीडितहरूलाई राहतका साथसाथै खेलकुद, कला, संस्कृति जस्ता सामाजिक कार्यमा निरन्तर सहयोग गरिरहेको बताए।

हेल्थ नेपाल स्पोर्टस् क्लबको जितले आफूलाई अत्यन्तै खुशी तुल्याएको भन्दै खेलकुद क्षेत्रमा क्लबले भविष्यमा भागलिने प्रतियोगिताहरूमा कम्पनीको तर्फबाट सामर्थ्यले भ्याएसम्म निरन्तर सहयोग रहने प्रतिवद्धता पनि उनले जनाए।

क्लबले निकट भविष्यमा राष्ट्रियस्तरको भलिबल प्रतियोगिता गर्ने सोच बनाएको जानकारी दिँदै क्लबका अध्यक्ष श्रेष्ठले 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रको लागि खेलकुद' भन्ने मान्यता अनुसार खेलकुदका माध्यमबाट आपसी भाइचारा सम्बन्धको विकास र राष्ट्रका लागि स्वस्थ जनशक्ति निर्माण गर्ने लक्ष्य लिएको उल्लेख गरे।

त्यसअवसरमा क्लबका महासचिव अनिन कुमार श्रेष्ठ तथा उपाध्यक्ष बासु पुडासैनी लगायतको उपस्थिति थियो।

**इरानबाट...**

आफ्ना नागरिकको उद्धार गर्दा नेपालीको पनि उद्धारका निम्ति मैले भारत सरकारसँग आग्रह गरेकी छु, हामी भारतबाट सकारात्मक जवाफ आउनेमा विश्वस्त छौँ',परराष्ट्रमन्त्री डा.राणाले भनिन्, 'सरकारको निर्देशनअनुसार भारतका लागि नेपालका राजदूत डा.शंकर शर्मा पनि इरानमा रहेका नेपालीको उद्धारका निम्ति भारत सरकारसँग निरन्तर सम्पर्क एवं समन्वयमा हुनुहुन्छ।'

तेहरानस्थित भारतको दूतावासले आफ्ना नागरिकको उद्धार गर्दैछ। यस क्रममा उक्त दूतावासले नेपालीलाई पनि सम्पर्कमा आउन सूचना जारी गरेको छ। मन्त्री राणाले परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले इरानमा रहेका नेपालीको उद्धारका लागि त्यहाँस्थित भारतीय दूतावासका उपप्रमुखसँग सम्पर्क र समन्वय गरिरहेको पनि जानकारी गराइन्।

**अर्को...**

अववस्था चित्रण गरेर प्रतिवेदन पेश गरेपछि सभापति रवि लामिछाने लगायत संस्थापन पक्षले ढकालमाथि कारबाहीको डण्डा चलाएको थियो। पार्टी अनुशासन विपरीत काम गरेको आरोपमा उनलाई २५ असार, २०८१ मा केन्द्रिय समितिको बैठकबाट निर्णय गरी केन्द्रीय सदस्य, प्रवक्ता एवं महामन्त्रीको जिम्मेवारीबाट हटाउएको थियो। त्यही दिन पार्टीका पदाधिकारीहरूको हेरफेर भएको रास्वपाले जनाएको छ।

त्यतिबेला आयोगले अद्यावधिक गरेको विवरणमा स्वर्णिम वाग्ले दोस्रो उपसभापतिमा मनोनयन भएका थिए भने महामन्त्री ढकाल चौथो बरियतामा थिए। त्यहीदिन तीन सहमहामन्त्री, एक कोषाध्यक्ष, दुई सहकोषाध्यक्ष र तीन प्रवक्ताको जिम्मेवारी पनि थपिएको आयोगको अभिलेख मार्फत जानकारी प्राप्त भएको डा मुकुल ढकालले बताए। 'निकै दुखः गरेर निर्माण गरेको पार्टीलाई एउटा व्यक्तिगत क्लवजस्तो बनाउने कुरामा फरक मत राख्दा मलाई निकालिएको हो', ढकालले भने 'आधिकारीक रूपमा म अझै पार्टीमै छु, केही व्यक्तिहरूले रविलामिछाने क्लवबाट निकालेका हुन्। विस्तारै पार्टी हामीसँगै आउँछ।'

तर रास्वपाका नेताहरूले निर्वाचन आयोगमा समयमै विवरणलाई अध्यावधिक नगरेकोप्रति आपत्ति जनाएको छ। पार्टीका केन्द्रिय सदस्य गणेश कार्कीले दलको विवरण परिवर्तनको पत्र १७ साउन २०८१ मा निर्वाचन आयोगमा दर्ता गरिएपनि हाल सम्म अध्याबधिक नगरिनु सरकारी कामको बदमासी भएको टिप्पणी गरे। रास्वपाले महामन्त्री मुलुक ढकाललाई हटाएर सहमहामन्त्री कविन्द्र बुर्लाकोटीलाई कार्यवाहक महामन्त्रीको जिम्मेवारी र मनिष झालाई कार्यबाहक प्रवक्ताको जिम्मेवारीसहित सहमहामन्त्री हेरफेर गरेको नयाँ विवरण अध्यावधिक गर्न १७ साउन २०८१ मा आयोगमा पत्र दर्ता गराएका थिए। सांसद सुमना श्रेष्ठले सहमहामन्त्रीको जिम्मेवारीबाट राजीनामा दिएकी थिइन। उनको विवरण समेत आयोगमा अद्यावधिक भएको छैन। स्थापना दिवसको अवसरमा रिक्त रहेका पदहरूमा केन्द्रिय समितिको निर्णय अनुसार जिम्मेवारी पुनः हेरफेर गरेको छ। निर्णय अनुसार महामन्त्रीको जिम्मेवारीमा बुर्लाकोटीलाई बढूवा गरेको छ भने मनिषलाई प्रवक्ता बनाएको छ। नव नियुक्त प्रवक्त मनिष झाले भने 'वैकल्पिक राजनीतिको बलियो जग स्थापना गर्ने अठोटका हामी अभियानकै रुपमा पार्टीको विस्तार र सुदृढीकरणमा सक्रिय छौं', यसको निरन्तरताले जीवन्त र अनुशासित संगठनको रूपमा सुदृढ हुँदै आम नागरिकको आवाजलाई सशक्त बनाउने छौं।' परिवर्तनका पक्षधर शक्तिलाई कमजोर बनाउन राज्य संयन्त्रको दुरुपयोग गरी सभापति रवि लामिछानेविरुद्ध अनेकौं मुद्दा लगाइएको बताउँदै झाले निर्वाचन आयोगको समेत कमजोरी रहेको बताए। सहकारी ठगी तथा संगठित अपराध अनुसन्धानका क्रममा थुनामा रहेका पार्टी सभापति रवि लामिछानेको विषयमा नैतिकताको प्रश्न र झमेला झेलिरहेको रास्वपा महामन्त्रीको अर्को झमेलामा फसेपछि कार्यकर्ताहरूको उत्साहसमेत कमजोर हुँदै आएको कतिपय नेताहरूले बताएका छन्। सधैं झमेलामा मात्रै फस्दा पार्टीका कार्यकर्ता र सुभेच्छुकहरूमा निराशा छाउने अवस्था आएको उनिहरूको गुनासो छ।

**जस...**

लेखिएको छ-खुसी र मुनि लेखिएको छ- दैलेखमा ११२ अर्ब घन मिटर प्राकृतिक ग्यासको प्रारम्भिक अनुमान। तस्बिरको माथि क्याप्सन लेखिएको छ-'दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण सुरु गर्दाका दिनहरू सम्झिरहेको छु। समर्थन र विरोध-आवाज थरिथरिका थिए। ११२ अर्ब घन मिटर ग्यास रहेको खबरले ती दिनलाई सम्झाएको छ। यो खुसीको समाचार हो।

हालसम्म प्राप्त सूचनाअनुसार दैलेखमा चिनियाँ विज्ञ टोलीले गरिरहेको अन्वेषणमा भैरवी गाउँपालिका-१ जलजलेमा ११२ अर्ब घन मिटर प्राकृतिक ग्यास रहेको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको पुष्टि भएको छ।

अन्वेषण गरिरहेको चिनियाँ टोलीले त्यहाँ ५० वर्ष पुग्ने प्राकृतिक ग्यास रहेको अनुमान गरेको छ। यो ग्यास व्यावसायिक रूपमा प्रयोगमा ल्याउन सके अर्थतन्त्रलाई ठुलो योगदान पुग्ने जनाइएको छ।

दैलेखमा ग्यास भेटिएको समाचार आएसँगै प्रधानमन्त्री ओली र एमालेले ले यसको जस लिइरहँदा जस लिने होडबाजीमा माओवादी केन्द्र पनि उत्रेको छ।

शुक्रवार ग्वार्कोको ओभरपास उद्घाटन गर्ने क्रममा पनि प्रधानमन्त्री ओलीले दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणको काम आफूले थालेको दाबी गरे। त्यहाँ ओलीले भने, 'यो ओभरपास सुरु गरेजस्तै दैलेखको अन्वेषणको सुरुवात पनि मैले नै गरेको हो।'

प्रधानमन्त्री ओलीले नै जस लिन खोजेपछि त्यसको प्रतिकारमा माओवादी केन्द्र उत्रेको छ। माओवादी केन्द्रका सांसद राजन दाहालले शनिबार फेसबुकमार्फत आफ्नो पार्टीका अध्यक्ष पुष्पकमल दाहालको निर्णायक नेतृत्वले दैलेखमा ग्यास अन्वेषण भएको दाबी गरेका छन्।

'हजार तर्क हुन सक्छन् तर सत्य एउटै हुन्छ। बा (प्रधानमन्त्री ओली) का अनुयायीहरूले सत्य पढ्न कष्ट गरिदिनु होला' राजनले लेखेका छन्, 'श्रद्धेय अध्यक्ष कमरेड प्रचण्डको निर्णायक नेतृत्वले जीवन्त बन्दै दैलेख ग्यास अन्वेषण परियोजना।'

सांसद दाहालले 'नेपालको ऊर्जा आत्मनिर्भरता हासिल गर्ने दिशामा ऐतिहासिक परिवर्तन ल्याउन सक्ने दैलेखको प्राकृतिक ग्यास अन्वेषण परियोजना माओवादी अध्यक्ष दाहालको दीर्घकालीन रणनीति र सक्रिय पहलका कारण पुनः सुरु भई निष्कर्षतर्फ अघि बढिरहेको' दाबी गरेका छन्।

२०७३ सालमा दाहाल प्रधानमन्त्री बनेपछि नेपाल र चीनबिच सरकार-सरकार (जिटुजी) प्रारम्भिक समझदारी सम्पन्न भएको उल्लेख गर्दै सांसद दाहालले लेखेका छन्, 'जसले दैलेख ग्यास परियोजनालाई राष्ट्रिय प्राथमिकतामा ल्यायो।'

तत्कालीन उद्योग मन्त्री एवं माओवादी केन्द्रका नेता मातृकाप्रसाद यादवले २०७६ मा दैलेखको नाभिस्थानमा अन्वेषणको शिलान्यास गरे पनि उनले जनाएका छन्।

दाहालले अगाडी बढेका छन्, '२०७९-८० मा प्रधानमन्त्रीको तेस्रो कार्यकालमा रहेका दाहालले २०८० जेठ १ गते जलजले स्थित अन्वेषण स्थलको निरीक्षण गरेपछि रोकिएको परियोजनालाई पुनः सक्रिय बनाउने ठोस कदम चाल्नुभयो। निरीक्षणपछि चिनियाँ पक्षसँग उच्चस्तरीय संवाद गर्दै प्राविधिक सहयोग सुनिश्चित गरियो,' स्टाटसमा उल्लेख छ।

एमाले र माओवादीबिचमा जस लिने होड सुरु भइसक्दा दैलेखमा ग्यासको व्यवसायिक उत्खनन गर्न मिल्ने वा नमिल्ने टुंगो लागेको छैन।

अहिले भएको अन्वेषण अन्तिम प्रतिवेदन आएपछि मात्र टुङ्गो लाग्ने आनी तथा भूगर्भ विभागले जनाएको छ। चीनको जिओलोजिकल सर्भे कम्पनीले २०२५ को डिसेम्बरसम्म अन्तिम प्रतिवेदन दिने जनाएको छ।

विभागका अनुसार चाइना जिओलोजिकल सर्भेको भौगर्भिक अध्ययन र चीनकै सीएनपीसी सीबु इन्जिनियरिङ कम्पनीले गरेको ड्रिलिङका आधारमा दैलेखमा १ सय १२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको पत्ता लागेको हो।

अब यसको परीक्षण गरेर त्यसको यकिन उत्पादन गर्ने भन्दै विभागले आवश्यक प्रक्रिया अघि बढाएको छ।

दैलेखमा पेट्रोलियम पदार्थको उत्खनन्का लागि २०७२ चैतमा चीन र नेपालका प्रधानमन्त्रीबीच द्विपक्षीय समझदारी भएको थियो। त्यस आधारमा २०७६ असोजबाट झन्डै ६ महिना खानी विभाग र चिनियाँ प्राविधिकको टोलीले प्रारम्भिक अध्ययन गरेको थियो भने २०७६ फागुनमा खानी तथा भूगर्भ विभाग र चिनियाँ सरकारको जिओजिकल सर्भे कम्पनीबीच अन्वेषण तथा उत्खनन्का लागि २ अर्ब ४० करोड रुपैयाँमा सम्झौता भएको थियो। तर कोरोना महामारी, उत्खनन् र अन्वेषणका ठूला उपकरण ल्याउन ढिलाइ, सडक समस्या, जग्गा प्राप्तिलगायत कारण काम ढिलो भएको थियो।

**७ जनाको...**

वर्षीय जम बुढा, कञ्चनपुर पूर्णवास नगरपालिका ६ बस्ने चन्द्रकुमारी थापा घाइते भएका छन्।

झापा गौरदह नगरपालिकाकी ७० वर्षीया टिका न्यौपाने, कैलाली गोरीगगा नगरपालिका ११ बस्ने ३२ वर्षीया सुरेश बोगटी, कैलाली लम्कीचुवा नगरपालिका १ बस्ने ३७ वर्षीय लोकेन्द्र बुढा, कैलाली लम्कीचुवा नगरपालिका १ बस्ने ४८ वर्षीय बल सिंह बुढा, रौतहट चपुर नगरपालिका ७ बस्ने ४५ वर्षीय वुलटन साह, मकवानपुर बकैया गाउँपालिका ४ बस्ने २६ वर्षीय अनिसा घिमिरे घाइते भएका छन्।

कालिकोट पलाता गाउँपालिका ४ बस्ने ५३ वर्षीय रत्न बुढा, झापा दमक नगरपालिका ८ बस्ने ८३ वर्षीया लक्ष्मी पौडेल, झापा मेचि १५ बस्ने २३ वर्षीय प्रवेश सौरेन, सप्तरी राजविराज नगरपालिका ५ बस्ने ५६ वर्षीय श्रीचन्द्र राय, कैलाली गोदावरी नागरपालिका ४ बस्ने ३४ वर्षीय महेश चौधरी र मोरङ बेलबारी नगरपालिका ७ बस्ने २७ वर्षीय सुमन चौधरी घाइते भएका छन्।

घाइतेहरूको चितवन मेडिकल कलेज, पुरानो मेडिकल कलेज र भरतपुर अस्पतालमा उपचार भइरहेको छ।

प्रहरीका अनुसार पूर्वी नवलपर ासीबाट भ्रमणका लागि यात्रु बोकेर गोरखा छुटेको माइक्रोबस दुर्घटना हुँदा ९ जना घाइते भएका छन्। दुर्घटनामा ९ जना घाइते भएका र उनीहरूको प्रदेश अस्पताल गोरखामा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ।

**सरकार...**

रमा कोइराला पौडेल, भगवती चौधरी, कान्तिका सेजुवाल, हितराज पाण्डे, दिनेशकुमार यादव, नारायणप्रसाद आचार्य, शान्ति विक र प्रभू साह लगायतले भाग लिएका थिए।

त्यसमध्ये तत्कालीन संविधानसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिका सभापति रहेका आमजनता पार्टीका अध्यक्ष प्रभु साहले विदेशमा नेपाली युवाहरूको मृत्यु भइरहेको र वैदेशिक रोजगारीमा जाने युवाहरू स्वदेशमा चरम ठगीमा पर्दासमेत त्यसलाई नियन्त्रण गर्न सरकार उदासीन रहेको आरोप लगाए।

उनले जीवन र जवानीसँग रेमिट्यान्स साट्न बाध्य युवायुवतीको समस्यामा सरकार रत्तिभर संवेदनशील नभएको आरोप लगाए।

नेपालमा दुई किसिमको जनता रहेको भन्दै उनले भने, 'नेपालमा एउटा विदेशमा कमाएर नेपाल ल्याउने र अर्को नेपालमा लुटेर विदेश लैजाने दुई किसिमका जनता छन्। आज सरकारको कार्यक्रम र बजेट हेर्दा यो सरकार देशमा लुटेर विदेश पुऱ्याउने भगौडा दलालहरूको पक्षधर देखिन्छ।'

वैदेशिक रोजगारमा रहेकाहरूका समस्या समाधान लागि सरकारले केही नगरेको भन्दै साहले प्रश्न गर्दै भने, 'विदेशमा अकालमा मृत्यु भएका दिनको तीन-चार वटा शव आइरहेको छ। उनीहरूको जीवन रक्षाका लागि के गर्नुभयो ?'

सांसद साहले नेपालबाट स्वास्थ्य परीक्षणमा 'फिट भएर' गएका युवाहरू विदेशमा ज्यान गुमाउन बाध्य भएको भन्दै त्यसप्रति पनि सरकार गम्भीर नभएको टिप्पणी गरे। उनले आफूले वैदेशिक रोजगारमा रहेका कामदारको समस्याका बारेमा विगतदेखि पटक-पटक प्रश्न उठाएको तर प्रधानमन्त्री केपी शर्मा ओलीले पीडितका समस्या बारे प्रश्न सोध्दा 'हामी म्यानपावर व्यवसायी हो र ?' भनेर प्रश्नबाट पन्छिएको दाबीसमेत गरे।

फ्रि-भिसा र फ्रि-टिकटको नाममा पनि युवाहरू ठगिएको भन्दै त्यसलाई रोक्न प्रभावकारी उपाय नअपनाएको सांसद साहले बताए।

उनले भने, 'फ्रि-भिसा र फ्रि-टिकट भनिएको छ, तर वैदेशिक रोजगारीको नाममा एजेन्टहरू गाउँ-गाउँ पुगेर विभिन्न प्रलोभनमा पारेर वैदेशिक रोजगारमा जान बाध्य युवायुवतीलाई ठगी गरिरहेका छन्। यो ठगी निरुत्साहित गर्नुपर्ने होइन ?'

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पूर्वअध्यक्ष समेत रहेका सांसद लालप्रसाद साँवा(एलपी)लिम्बूले सरकार वैदेशिक रोजगार क्षेत्रप्रति संवेदनशील हुन जरुरी रहेको बताए।

हाल विश्वभर ३६ करोड र नेपालको २२ लाख जनसंख्या वैदेशिक रोजगारमा रहेको भन्दै सांसद साँवाले वैदेशिक रोजगारले रेमिट्यान्स मात्रै


# Dhanapalthan Rural Municipality
# Office of Rural Municipal Executive

**Sorabhag, Morang**

**Koshi Province, Nepal**

## Invitation for Bids

**Second Date of Publication: June 22, 2025 (2082.03.08)**

1. Dhanapalthan Rural Municipality, Sorabhag, Morang invites electronic bids from eligible bidders for the following Sealed Quotation.

| S. N. | Contract Identification Number | Description of Work/ Goods | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | DPTRM/SBG/SQ/ GOODS-22/081/82 | Supply & Delivery Of Tubewell Accessories. | 50,000.00 | 75 days from date of bid opening | 1,000.00 |

| | |
|---|---|
| Deadline for bid submission | July 07, 2025 (2082.03.23) till 12:00 hours. |
| Date, time and place of bid opening | July 07, 2025 (2082.03.23) on 14:00 hours at Dhanapalthan Rural Municipality, Morang. |
| Bank Account details for bid document fee | System Account Name: GA 1.1 DHANPALTHAN GA.PA. AANTARIK RAJASHO KHATA<br>Account no.: 29501400000048<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Karshiya Branch, Morang. |
| Account details for bid security amount | System Account Name: GA 3.1 DHANPALTHAN GA.PA. DHARAUTI KHATA<br>Account no.: 29501400000024<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Karshiya Branch, Morang. |

2. Interested eligible bidders may obtain further information from Dhanapalthan Rural Municipality, Sorabhag, Morang at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/
3. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# Mai Municipality
# Office of the Municipal Executive

**Sitali, Ilam**

**Koshi Province, Nepal**

## Invitation Of Bids For The Following Goods

**(First Date of Publication: 2082/03/08)**

Mai Municipality invites Electronic Bids for the Procurement of Following Goods/Services. Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of **Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam ( maimun.gov.np )**, may email on the email address (**mainagarpalika@gmail.com**) , or may call on (**9849079791 / 9852639111)** at office time.

| S. N. | Contract ID | Description of Works | Estimated Amount (Without V.A.T) | Bid Document Fee | Bid Security Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | MM/IR / 01/082/83 | Procurement of Sukrabarey Hatbazzar Kar (Pashu Bazzar Bahek) | 1,50,000.00 | 1000.00 | @5% of B.A. (45+30 Days) | 2082/03/23 12:00 (Noon) | 2082/03/23 1:00 PM |
| 2 | MM/IR / 02/082/83 | Procurement of Sombarey Hatbazzar Kar (Tahara Sahit ) | 40,000.00 | 1000.00 | @5% of B.A. (45+30 Days) | 2082/03/23 12:00 (Noon) | 2082/03/23 1:00 PM |
| 3 | MM/IR / 03/082/83 | Procurement of Bihibarey Hatbazzar Kar (Tahara Sahit) | 50,000.00 | 1000.00 | @5% of B.A. (45+30 Days) | 2082/03/23 12:00 (Noon) | 2082/03/23 1:00 PM |
| 4 | MM/IR / 04/082/83 | Procurement of Mangalbarey Hatbazzar Kar (Tahara Sahit) | 10,000.00 | 1000.00 | @5% of B.A. (45+30 Days) | 2082/03/23 12:00 (Noon) | 2082/03/23 1:00 PM |
| 5 | MM/IR / 05/082/83 | Procurement of Sthaniya Utpadanko Sewa Sulka | 28,60,000.00 | 3000.00 | @5% of B.A. (90+30 Days) | 2082/04/06 12:00 (Noon) | 2082/04/06 1:00 PM |

**Chief Administrative Officer**

# ‘विदेशको नागरिकता लिइसकेकालाई नेपाली नागरिकता दिन सकिँदैन’



**काठमाडौं/मस–**नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले विदेशको नागरिकता लिइसकेकाहरुलाई नेपाली नागरिकता दिन नसकिने बताएका छन् । शनिबार ललितपुरमा आयोजित सुगौली सन्धि र नेपालमा नागरिकता पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले ब्रिटिश गोरखा सैनिकहरुले नेपालको नागरिकता निरन्तरताको माग उठाउनु स्वभाविक भएपनि अर्को देशको नागरिकता लिइसकेपछि नेपालको नागरिकता दिन नसकिने स्पष्ट पारे । उनले अरु कामहरुका लागि एनआरएनलाई दिए सरहको नागरिकता दिन सकिने बताए । नेपाल जस्तो देशमा त्यसरी नागरिकता दिँदा कठिनाइ आइपर्ने बताए । नेपाल फर्किन चाहनेलाई स्वागत गर्न तयार रहेको बताए । ब्रिटिश गोरखा सैनिकबारे समितिमा छलफल जारी रहेकाले संसदबाट निस्कर्ष निस्किने जिकिर गरे ।

‘जहाँसम्म गोरखा ब्रिटिश सैनिकलाई बेलायती सैनिक सरह नै सेवा सुविधा दिनुपर्छ भन्ने नेपालको माग छ । त्यसमा म स्पष्ट छु । ब्रिटिश गोरखा सैनिकहरुले नेपालको नागरिकताको निरन्तरता पाउनुपर्ने माग राख्नुभएको छ, यस विषयमा राजनीतिक दलहरुले छलफल गरिरहेका छन् । छिट्टै निस्कर्ष निस्किनेछ । यसमा के छ भने एनआरएन भन्ने पनि छ’ देउवाले भने, ‘नेपाल छोड्नुपर्ने विभिन्न बाध्यता छन्, त्यसैले ब्रिटिश गोरखा सरह नै नागरिकता पाउनुपर्छ भन्ने छ । ब्रिटिश गोरखाले पनि बेलायती सैनिक सरह नै सेवा पाउनुपर्छ भन्ने हाम्रो माग हो तर उनीहरुले मानेका छैनन् ।’ सभापति देउवाले गोरखा सैनिकहरुको इतिहास गर्विलो रहेको बताए । उनले ब्रिटिश गोरखा सैनिकहरु नेपाललाई विश्वमा चिनाउने महत्वपूर्ण माध्यम भएको बताए । नेपाल र बेलायतबीचको सम्बन्ध विस्तार हुनुमा गोरखा सैनिक फौज महत्वपूर्ण रहेको उनले जिकिर गरे ।

कार्यक्रममा नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले ब्रिटिश गोरखाहरुलाई वंशजको आधारमा नै नागरिकता दिनुपर्ने बताए । उनले रगतको आधारमा प्राप्त गर्ने अधिकार कसैले खोस्न नसक्ने बताए । नागरिकलाई सेनामा भर्ती हुन पठाउने र आवासीय अधिकार दिँदैमा नेपालमा वंशजको आधारमा पाउने नागरिकताबाट वञ्चित गर्नेकुरा राम्रो नभएको बताए ।

हिम्मत र शाहस भए ब्रिटिश गोरखा भर्ती बन्द गर्न आग्रह गरे । नत्र भने आफ्नै देशका नागरिकमाथि अन्याय गर्ने अधिकार कसैलाई नरहेको जिकिर गरे । नेपालमा नागरिकताको विषयमा बुझाइको अल्पता रहेको बताए । संसारमा राष्ट्रिय राज्य रहेसम्म प्रत्येक मानिसको नागरिकता हुने बताए । अध्यक्ष भट्टराईले नेपालकै नागरिकको नागरिकता खोस्ने अधिकार कसैलाई नरहेको बताए ।

# ‘मान, पदवीका लागि विनियोजन गरिएको बजेट कटौती गरी शिक्षा र स्वास्थ्यमा खर्च गरौँ’



**काठमाडौं/मस–**सांसदहरुले नागरिकलाई सहजै आधारभूत सेवा उपलब्ध गराउन नीतिगत र संरचनागत सुधार गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधि सभाको शनिबारको बैठकमा विनियोजन विधेयक, २०८२ अन्तर्गत विभिन्न मन्त्रालयका विनियोजन शीर्षकमाथि खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै उनीहरूले सेवा प्रवाहमा सहजीकरण गरी सामाजिक न्यायको प्रत्याभूति गराउन आग्रह गरे ।

खर्च कटौतीका प्रस्ताव राख्दै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद अमनलाल मोदीले निजामती कर्मचारीको सरुवा र बढुवालाई पारदर्शी बनाउन र वैदेशिक रोजगारीमा ठगिएका तथा अलपत्र परेका नागरिकका समस्या सम्बोधन गर्न सुझाव दिए । माओवादी केन्द्रका सांसद माधव सापकोटाले आगामी आवमा डेडिकेटेड र ट्रंकलाइनको बक्यौता उठाउने योजना के छ ? भनी प्रश्न गरे ।

सांसद रणेन्द्र बरालीले दलित सुदायको सशक्तीकरणका योजना बजेटमा कटौती गरिएको भन्दै असहमति जनाए । माओवादी केन्द्रकै सांसद ज्ञानु बस्नेत सुवेदीले आम नागरिकलाई स्वास्थ्य, शिक्षालगायत आधारभूत सुविधा सुनिश्चितताका लागि सो क्षेत्रको बजेट गुणात्मक रूपमा बढाउन सुझाव दिइन् ।

सांसद उर्मिला माझीले बजेटले आम नागरिकमा आशा देखाउन नसकेको, आवश्यकताको वर्गीकरण र जनताको माग सम्बोधन नगरेको बताइन् । सांसद हितबहादुर तामाङले बजेट वक्तव्यमा विद्यालय शिक्षालाई अन्तर राष्ट्रिय स्तरको बनाउने कुनै योजना नरहेको बताए ।

सांसद नारायणी शर्माले रोजगारी सिर्जना, बसाइँसराइ रोकथाम र वैदेशिक पलायनता कम गर्ने कार्यक्रम विनियोजन विधेयकमा नसमेटिनु विडम्बना भएको बताइन् । सांसद दुर्गा राईले चालु आवको बजेटमा समेटिएका राष्ट्रिय महत्वका विषय आगामी आवको बजेटमा हटाइएकामा आपत्ति जनाइन् ।

राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले मानव, पदवी, विभूषण निर्माणमा विनियोजन गरिएको रु. आठ करोड कटौती गरेर स्वास्थ्य र शिक्षा क्षेत्रमा खर्च गर्न सुझाव दिए । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद अम्मरबहादुर थापाले शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत रकम विनियोजन गर्नुपर्नेमा जोड दिए । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले नेपालको खुला सीमालाई नियमित गरी अतिक्रमित भूमि फिर्ता ल्याउन, युवालाई स्वदेशमै रोजगारी दिलाउन तथा सेवा प्रवाहमा सहजीकरण गर्न सरकारलाई सुझाव दिए । स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले स्वास्थ्य क्षेत्रका दरबन्दी बढाउन, आर्थिक कूटनीति प्रवर्द्धन र सेवा प्रवाहमा सुधार गर्न आग्रह गरे ।

आम जनता पार्टीका सांसद प्रभु साहले राज्यका निकायमा सबै नागरिकको समान पहुँच कायम गरिनुपर्नेमा जोड दिँदै निजामती सेवाका कार्यालय सहयोगी, सवारी चालक, भान्छे, सफाइकर्मीलगायत तल्ला तहका कर्मचारीलाई स्थायी प्रक्रियामा लैजानुपर्ने बताए ।

# बस्तीलाई भू–स्खलनबाट जोगाउन महिला सक्रिय



जलेश्वर/मस-पुरुष प्रधान हाम्रो समाजमा प्रत्येक योजना तथा भौतिक निर्माणका काममा पुरुषमात्रै सहभागी भइरहेका बेला महोत्तरी जिल्लाको बर्दिवास नगरपालिकामा सञ्चालित एक योजनामा महिलामात्रै सहभागी भएर निर्माण अगाडि बढाएका छन् ।

जिल्लाकै सुदूर उत्तरवर्ती चुरेको काँछमा रहेको बर्दिवास नगरपालिका-११ खयरमारा गाउँमा महिलामात्रै सहभागी भएर योजना सञ्चालन गरिरहेको पाइएको छ । महिला पनि पुरुषभन्दा कम छैनन् र महिलाले चाहे जे पनि गर्न सक्छन् भन्ने उदाहरण दिँदै त्यहाँका महिला आफ्नो बस्तीलाई भू-स्खलनबाट जोगाउन पर्खाल निर्माणमा जुटेका छन् । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको ५० लाख ५२ हजार ९२२ रुपैयाँ ३७ पैसाको लागतमा महिलाले खयरमारा गाउँको ‘बाँके खोलादेखि बढुवा खोल्सीसम्मको सडकको दक्षिणपट्टी मेसिनरी बाल निर्माण’ गरिरहेका छन् ।

दुई सय ७० मिटर लम्बाइ र विभिन्न ठाउँमा १६०/१७० सेन्टिमिटर बेसदेखि १९० सेन्टिमिटरको बेस र ७०/८० सेन्टिमिटर ‘टप फिनिस पर्खाल’ निर्माणमा स्थानीय महिला जोरसोरले लागेका छन् ।

यस योजनाको उपभोक्ता समितिमा सात जना महिला नै छन् भने यस योजना निर्माणमा संलग्न डकर्मी, सिकर्मी र कामदार पनि महिला नै रहेका छन् । २७ जना महिलाको समूहमा कोही ढुङ्गा बोक्ने, कोही बालुवा ल्याउने, कोही सिमेन्ट ल्याउने, कोहीले मसला तयार गर्ने र केहीले पर्खाल निर्माणमा मिस्त्री (सिकर्मी, डकर्मी) को काम गरिरहेका छन् ।

योजनाका कोषाध्यक्ष अनुराधा मगरातीले यहाँका पुरुषले पनि यत्रो ठूलो योजना महिला मात्रैले पूरा गर्न सक्दैनन् आफूहरूलाई होच्याइरहेकामा अहिले पूरा गाउँले आफूहरूको सराहना गरेका बताइन् ।

त्यसैगरी, योजनाका सचिव तिला दाहालले यस योजना निर्माणले हामी महिलाको हौसला बढाएको र आफूहरू अब पुरुषसरह नै कुनै पनि योजना पूरा गरेर देश विकासमा टेवा पुऱ्याउनसक्ने दाबी गरे ।

आफ्नो बस्तीको सडक र बस्तीलाई जोगाउन स्थानीय महिलाहरू मात्रै सहभागी भएर गरिरहेका यत्रो ठूलो भौतिक निर्माण सफलता पूर्वक सम्पन्न हुन आँटेको देखेर स्थानीय नेपाली कांग्रेसका नेता पोषण थापाले यस्तो उपभोक्ता समिति र यस्तो काम मधेश प्रदेशमै पहिलो रहेको बताए ।

त्यस्तै, बर्दिवास नगरपालिकाका प्रमुख प्रह्लाद क्षेत्रीले खयरमाराका महिलाले गरिरहेको भौतिक निर्माणको प्रशंसा गरे । उपभोक्ता समितिका अध्यक्ष अनिता सुवेदीले पुरुषले सञ्चालन गरेको योजनामा अनियमितता हुने, कामचोरी हुने र तोकिएको काम नहुने बताउँदै आफूहरू महिला मात्रै सहभागी भएर सञ्चालन गरेको यस योजनाले नमुना काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

# बाटो विस्तार गर्ने क्रममा झडप हुँदा प्रहरीसहित १० जना घाइते



**सर्लाही/मस–**बरहथवा नगरपालिका-४ स्थित खैरवा टोलमा बिहान बाटो विस्तारका क्रममा दुई पक्षबीच झडप हुँदा प्रहरीसहित १० जना घाइते भएका छन् ।

सडक विस्तारका विषयमा विवाद भएपछि ढुंगा हानाहान भएको थियो । स्थिति नियन्त्रणमा लिन प्रहरीले लाठीचार्ज गर्नाका साथै एक ‘राउन्ड’ गोली चलाएको जिल्ला प्रहरी कार्यालयका निमित्त प्रहरी प्रवक्ता बालिष्टर सिंहले जानकारी दिए ।

घटनामा प्रहरी निरीक्षक दिवाकर गणेशको दाहिने हातमा चोट लागेको छ भने प्रहरी जवान प्रमेश्वर राय यादवको टाउकामा चोट लागेको छ । दुवै जनाको बरहथवा नगर अस्पतालमा उपचार भइरहेको छ ।

यसैगरी, बरहथवा नगरपालिका-४ खैरवाका ५० वर्षीय टीकाबहादुर कार्की, ५२ वर्षीय कुलबहादुर कार्की, ३५ वर्षीय सञ्जय कुशवाह, ४२ वर्षीय रमेश महतो, ३८ वर्षीय इन्दु देवी, २६ वर्षीय प्रदीप कुशवाह, २८ वर्षीय अनिल कुशवाह र ३५ वर्षीय उमेश महतो घाइते भएका छन् ।

घाइतेमध्येका टीकाबहादुर कार्की र कुलबहादुर कार्कीलाई बरहथवामा प्राथमिक उपचारपछि थप उपचारका लागि काठमाडौं ‘रेफर’ गरिएको छ । अन्य घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । झडपमा संलग्न भएको अभियोगमा सात जनालाई नियन्त्रणमा लिइएको छ ।

# सर्पदंशका घटना बढे



**महोत्तरी/मस–**असार सुरू भएसँगै पानी पर्न थालेपछि सर्पदंशका घटना बढ्न थालेका छन् । असार संक्रान्तिका दिनदेखि पानी पर्न थालेसँगै महोत्तरीमा सर्पदंशका घटना बढेका हुन् ।

असार पहिलो साताभित्र २५ जना सर्पदंशका बिरामी उपचार लिन आएका सर्पदंश उपचार केन्द्र बर्दिबासले जनाएको छ । पानी पर्न थालेपछि तराईका जिल्लामा सर्पदंशका घटना बढ्ने गरेका केन्द्रमार्फत नेपाली सेनाको उपचार टोलीमा सहभागी प्राविधिक प्रमुख भोला चौधरीले बताए ।

‘गर्मीयाम र पानी परेपछि सर्प दुलोबाट बाहिर निस्कने हुँदा यस्तोबेला घटना बढ्छन् । गर्मीमा हावा खान र वर्षामा दुलो पानीले भरिँदा सर्प बाहिर निस्कने र यस्तैबेला सर्पदंशका घटना बढ्ने भएकाले आवश्यक सर्तकता अपनाउन जरुरी छ’, उनले भने ।

सामान्यतया साउनमा बढी पानी पर्ने भएकाले सर्पदंशका घटना साउनमा बढी हुँदै आएका केन्द्रले जनाएको छ । वर्षा र बढी गर्मीका कारण पनि सर्प दुलोबाट बाहिर निस्कने भएकाले वैशाखदेखि आवश्य सर्तकता अपनाउन केन्द्रका प्राविधिक प्रमुख चौधरीले सबैलाई आग्रह गरे । विसं २०७१ साउन ३१ गते सञ्चालनमा आएको केन्द्रले हालसम्म ३१ हजार ३०७ जनालाई उपचार दिएको छ । यस वर्षको वैशादेखि एक सय ६० जनाले उपचार लिएका केन्द्रको तथ्यांकमा उल्लेख छ । वैशाखमा ५२ र जेठमा ८५ घटना भएकामध्ये ६५ वटा विषालु सर्पले डसेका केन्द्रले जनाएको छ ।

सामुदायिक पहलकदमीमा स्थापना भइ केन्द्रमा सेनाले उपचार गर्न तालिम प्राप्त छ जना दक्ष प्राविधिक जनशक्ति उपलब्ध गराएको छ ।

सर्पको उपचारमा प्रयोग गरिने ‘एन्टी स्नेक भाइल’ र कार्यालय सञ्चालनको व्यवस्थापन केन्द्रको सञ्चालक बोर्डले तथा उपचार नेपाली सेनाका तालिम प्राप्त दक्ष प्राविधिकले गर्दै आएका छन् ।

सर्पको खानी भनिने बर्दिबास नगरपालिका-१, २, ३ र १४ का वडाबस्तीमा विगतको तुलनामा सर्प घटेका पाइएको केन्द्रको सञ्चालक बोर्डका अध्यक्ष कृष्ण देवकोटाको बताए ।

जतातत्तै पर्ति जग्गा खनजोत गर्ने र घर बनाउने क्रम बढेसँगै १० वर्ष पहिले भन्दा अहिले यहाँ विषालु सर्प घट्दै गएका उनको भनाइ छ ।

# सुकुम्बासीको प्रमाणीकरण गर्दै भूमि आयोग



**भोजपुर/मस**-भूमि आयोगले भोजपुरमा सुकुम्बासीको प्रमाणीकरण काम थालेको छ । यसअघि संकलित तथ्यांकको आधारमा आयोगले सुकुम्बासीको प्रमाणीकरण थालेको हो ।

षडानन्द नगरपालिकामा आवेदन परेका ६० जना सुकुम्बासीको पालिकास्तरबाट प्रमाणीकरण गर्ने निर्णय गरिएको छ । वडास्तरिय सहजीकरण समितिमार्फत आएका ६० जना भूमिहीन दलित, भूमिहीन सुकुम्वासीको पालिकास्तरबाट प्रमाणीकरण गर्ने निर्णय भएको भूमी आयोग भोजपुरका अध्यक्ष देवीराम चौलागाइँले जानकारी दिए ।

सुकुम्बासीको प्रमाणीकरणको लागि पौवादुङमा, हतुवागढी, साल्पासिलिछो र आमचोक गाउँपालिकामा वडास्तरमा सात दिने सूचना प्रकाशन गरिएको अध्यक्ष चौलागाइँको भनाइ छ । पालिकास्तरमा निर्णय भएर आएकाको जिल्लामा पुनः प्रमाणीकरण गरेपछि लालपूर्जा वितरणको काम अघि बढाउने आयोगले जनाएको छ ।

‘हामीले वडास्तरबाट सुकुम्बासीको प्रमाणीकरण थालेका छौँ’ अध्यक्ष चौलागाइँले भने, ‘षडानन्द नगरपालिकामा ६० जनाको पालिकास्तरबाट प्रमाणीकरण भएको छ । अन्य पालिकामा पनि काम अघि बढाएका छौँ ।’

भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई लक्ष्य गरेर उनीहरुको तथ्यांक संकलन पश्चात वडा तथा पालिकास्तरबाट प्रमाणीकरण थालिएको हो ।

# डेढ दशकदेखिका आयोजना अधुरै

**बागलुङ/मस–**बागलुङको बडिगाड गाउँपालिका-३ सिसाखानीमा खानेपानी आयोजना सुरू भएको साढे एक दशक बित्यो । तर अहिलेसम्म उक्त आयोजना सम्पन्न हुन सकेको छैन ।

गाउँमा ‘एक घर, एक धारा’ बनाउने गरी सुरू भएको आयोजना अलपत्र हुँदा स्थानीय निराश छन् । स्थानीयको खानेपानी समस्या समाधानका लागि विसं २०६७ मा ओखरगैंडा खानेपानी आयोजना सुरू भएको थियो । योजनाको दुई किलोमिटर टाढा घिनसिङ खोलाबाट मौरीभिर सम्मो भन्ने ठाउँमा लिफ्टमार्फत ओखरबोट किम्लेमा पानी तानेर वितरण गरिने योजना थियो । तर त्यो योजना १५ वर्ष पुग्दासम्म पनि अधुरै छ । स्थानीयले दैनिक खानेपानीका लागि लाइनमा बस्नुपर्ने बाध्यता छ । सरकारले अपर्याप्त बजेट विनियोजन गर्दा कामा ढिलासुस्ती भएको हो ।

विसं २०७२ मा संघीयता आएपछि उक्त खानेपानी योजना सशर्त कार्यक्रमअन्तर्गत नेपाल सरकारबाट प्रदेश सरकारको जिम्मेवारीमा आएको छ । प्रदेश सरकारले उक्त आयोजनालाई पुनः डिजाइन गरेर काम गर्दै आएको छ । पहिले निर्माण भएको रिजर्भ ट्यांकी र सार्वजनिक धारा अहिले काम नलाग्ने भएका छन् । यहाँको झण्डै १०० घरधुरीको घर घरमा धारा निर्माण भएका छन् ।

घरमा धारा भए पनि पर्याप्त पानी नआउँदा स्थानीयले सास्ती खेप्नुपरेको छ । सिसाखानीको बाघखोरमा रिजर्भ ट्यांकी निर्माण भएपछि मात्रै सहज रूपमा पानी वितरण गर्न सकिने ओखरगैंडा खानेपानी आयोजनाका अध्यक्ष दिलबहादुर पुनले बताए । एउटा ४५ हजार लिटर र अर्को २० हजार लिटरको ट्यांकी निर्माण गरेपछि मात्र खानेपानी समस्या समाधान हुने उनको भनाइ छ ।

अध्यक्ष पुनले भने, ‘यहाँ खानेपानी आयोजना सुरू भएको धेरै भयो तर अहिलेसम्म सम्पन्न नहुँदा हामीहरूले खानेपानीको सक बेहोर्नुपरेको छ, आयोजनाका लागि वर्षमा कहिले पाँच लाख, अहिले १० लाख बजेट आउँछ, त्यो बजेटले अपुरो काम हुन्छ, बजेट अभावका कारण अहिलेसम्म यो खानेपानी आयोजना सम्पन्न हुन सकेन, राज्यको ध्यान नगएको महसुस भएको छ ।’

करिब ६० लाख बजेट आए मात्रै आयोजना सम्पन्न हुने अध्यक्ष पुन बताउँछन् । ट्यांकीसँगै वडा कार्यालय, विद्यालयलगायत स्थानमा सार्वजनिक धारा र केही घरमा निजी धारा निर्माणको काम पनि बाँकी रहेको पुन बताउँछन् ।

वर्षौंदेखिको आयोजना पूरा नहुँदा अहिले पनि नागरिक पानी बोकेर उपभोग गर्नुपरेको स्थानीय किशोर काउचा घर्तीले बताए ।

अहिले बस्तीभन्दा झण्डै एक किलोमिटर तल रहेको रिजर्भ ट्यांकीबाट ओखरबोटमा रहेको २० हजार लिटरको ट्यांकीमा झारेर अस्थायी रूपमा पानी वितरण गरिएको छ । बिहान दुई घण्टा र साँझ दुई घण्टा पानी तानेर वितरण भइरहेको उनको भनाइ छ । खानेपानी पर्याप्त नहुँदा सरसफाइ गर्न, बस्तुभाउलाई खुवाउन र सागसब्जीखेती गर्न समस्या भएको घर्ती बताउँछन् ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी सागर अधिकारीले अहिले अस्थायी रूपमा यहाँका स्थानीयलाई पानी खुवाउने व्यवस्था मिलाएको बताए ।

अफिसको लागि घर भाडामा

रिङ्गरोड बाहिर गोल्ड स्टार कम्पनीबाट १०० मिटर भित्र चप्पल कारखाना नजिकै १० आना जग्गामा बनेको १० फिट बाटो भएको ३ तला १२ वटा कोठा ३ वटा टहरा भएको ६ वटासम्म गाडी पार्किङ्ग गर्न मिल्ने प्रत्येक कोठामा अट्याच बाथरुम भएको ट्राभल एण्ड टुर्स, फाईनान्स कम्पनी, मेनपावर कम्पनी, ओरियण्टेशन, मेडिकल, संघ र संस्था आदीको लागि उपयुक्त घर भाडामा लिन चाहने इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क:
९८४१३३५६१८

मध्यान्ह
www.madhyanhadaily.com
८ असार २०८२ आइतबार
22 June 2025, Sunday

## सम्पादकीय

### राष्ट्रिय खुशी पछाडिका चुनौती

दैलेखको भैरवी गाउँपालिका–१, जलजलेमा १ सय १२ अर्ब घनमिटर प्राकृतिक ग्यास पत्ता लागेको खबर राष्ट्रिय खुसीको विषय बनेको छ । खानी तथा भूगर्भ विभागका अनुसार चाइना जिओलोजिकल सर्भेले त्यहाँ ठूलो परिणाममा मिथेन ग्यास रहेको पत्ता लगाएको हो । प्रारम्भिक सर्वेले पत्ता लगाएको ग्यास नेपालले ५० वर्षसम्म उपभोग गर्न सकिने अनुमान समेत गरिएको छ । वर्षेनि ४० अर्ब बराबरको रसायनिक मल र ६० अर्व बढीको एलपी ग्यास खरीद गर्दै आएको नेपालको सन्दर्भमा यो खबर वास्तवमै यो राष्ट्रिय खुसीको विषय हो । आमरूपमै प्राकृतिक ग्यास पत्ता लाग्नुको खुसियाली मनाउने काम चलिरहेकै छ । प्रमुख तीन दलका शीर्ष नेताहरूले एकैठाउँ बसेरै चिनियाँ सर्वेले दिलाएको खुशी बाँडेका छन् ।

सँगै जस लिने होड पनि सुरू भएको छ । प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले ग्यास पत्ता लाग्नुलाई आफ्नो उपलब्धि जसरी प्रचार गरेका छन् । स्वयं प्रधानमन्त्री ओलीले नबोले पनि उनका सचिवालय र एमाले नेताहरूले ग्यास पत्ता लाग्नुको श्रेयमा दाबी गरेको देखिन्छ । एमालेसँगै नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका नेताहरूले पनि आफ्नो नेतृत्वको सरकारले पनि यसबारे काम गरेको भन्न थालेका छन् । २०७२ चैतमा चिनियाँ सरकारसँग अध्ययन सम्झौता भएको र २०८० वैशाखदेखि अनुसन्धान सुरू भएको थियो । यो अवधिमा यी तीन वटै पार्टी सरकारमा गएको छ, सरकारको नेतृत्व गरेका छन् ।

अर्थात् सर्वेको विस्तृत प्रतिवेदन नआउँदै दलहरूबीच जस लिने होड चलेको देखिन्छ । जबकि यो परियोजना जस लिने होडको विषय नभएर राष्ट्रिय प्राथमिकतामा पर्नुपर्छ । अनुसन्धानको अन्तिम प्रतिवेदन आउनै बाँकी छ । अन्तिम प्रतिवेदनपछि कुन प्रयोजनमा यो प्राकृतिक उपहारलाई अगाडि बढाउन सकिन्छ त्यसतर्फ ध्यान दिनुपर्छ । यो परियोजना स्वदेशी लगानीमै सम्भव हुन्छ भन्ने देखि विदेशी सहयोग चाहिन्छ जस्ता तर्क सुरू भइसकेका छन् । यसरी चलिरहेको छुताछुल्ल अनुमानलाई एकीकृत बनाउन जरूरी छ । फेरि पनि भनौं– यो राष्ट्रिय खुशीको कुरा त हुँदै हो, उत्तिकै ध्यान दिनुपर्ने विषय पनि हो । हामीले आफ्ना स्रोत साधनको सही उपयोग गर्न नसकेको उदाहरणबाट पनि सिक्नुपर्छ । ८३ हजार मेगावट भन्दा बढी जलविद्युतको सम्भावनालाई गर्वका साथ प्रस्तुत गरिदै आएपनि हामीले यसको समुचित उपयोग गर्न सकेका छैनौं । उल्टै भूराजनीति मिसिन पुग्दा जलविद्युतको क्षेत्र असाध्यै गिजोलिन पुगेको छ ।

# लोकतान्त्रिक व्यवस्था र जनमत

*लोकतन्त्रलाई जीवन्त, सक्षम र जनमुखी बनाउनका लागि जनमतको सम्मान अपरिहार्य छ । त्यो सम्मान केवल शब्दमा होइन, कार्यमा देखिनुपर्छ । नीति निर्माणदेखि बजेट निर्माणसम्म, योजना कार्यान्वयनदेखि कानुन निर्माणसम्म, सबैमा जनताको सजीव सहभागिता र मतको कदर हुनुपर्छ...*

अग्रलेख



● शम्भू पनेरू

लोकतन्त्रको सार र आत्मा भनेको जनताको अभिमत नै हो । जनताको मतले सरकार बनाउँछ, नीति निर्धारण गर्छ र देशको दिशा तय गर्छ । लोकतन्त्र भनेको जनताको शासन प्रणाली हो, जहाँ सत्ता जनताबाट सुरू हुन्छ र जनतामै समाप्त हुन्छ । यस्तो प्रणालीमा जनमतको सम्मान हुनु स्वाभाविक मात्र होइन, अपरिहार्य पनि हो । तर, आजको यथार्थ हेर्दा, नेपालसहित धेरै मुलुकमा जनताको भावना, अभिमत र चाहना केवल चुनावको बेलामात्र सुन्ने औपचारिकता जस्तो बनिरहेको छ । जब कि लोकतन्त्रलाई सार्थक र जीवन्त बनाइराख्न निरन्तर जनमतको कदर हुनु अनिवार्य छ ।

लोकतान्त्रिक शासन प्रणालीको आधार नै जनताको सहभागिता हो । मतदान त्यसको एक माध्यम हो तर, त्यो सबैथोक होइन । जनमत भनेको कुनै एकपटक दिइने मत मात्र होइन; त्यो त निरन्तर व्यक्त भइरहने अभिव्यक्ति हो– कहिले सडकमा प्रदर्शनमार्फत, कहिले पत्रपत्रिका र सामाजिक सञ्जालमा लेखमार्फत, कहिले श्रव्यदृश्य सञ्चार माध्यमबाट । जनताको त्यस्ता भावनाको कदर नगर्ने व्यवस्था, जुनसुकै विधिसम्मत देखिए पनि, लोकतान्त्रिक हुँदैन ।

जब जनमतको अनादर हुन्छ, तब जनतामा निराशा जन्मिन्छ । उनीहरू राज्यप्रति विमुख हुन थाल्छन् । हिजो विश्वास गरेर मत दिएको नागरिक आज सडकमा उत्रन बाध्य हुन्छ भने त्यो राजनीतिक नेतृत्वको विफलता हो । संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता, नागरिक स्वतन्त्रता र स्वतन्त्र चुनावको उद्देश्य नै जनताको मनोभावनालाई सम्मान गर्नु हो । जब शासन, नीति र निर्णयमा जनताको आवाज, चासो र सरोकारको उपेक्षा हुन्छ, तब शासन प्रणाली आफैं कमजोर हुन्छ ।

नेपालमा जनमतको सम्मान नहुनु लोकतन्त्रका लागि मुख्य चुनौती बनेको छ । जनताले मतदानमार्फत सरकार बनाएका छन्, तर ती सरकारहरूले नागरिकको चाहना, मुद्दा र प्राथमिकतालाई बिर्सिएको आरोप सधैँ लागिरहन्छ । जनमतको सम्मान नहुनुको नतिजा स्वरूप सरकारले लिएका निर्णयहरू जनतामै अस्वीकृत हुन्छन्, जसको परिणाम स्वरूप आन्दोलन, असन्तुष्टि र राजनीतिक अस्थिरता देखिन्छ ।

कहिलेकाहीँ राज्य सञ्चालनमा बहुमतको नाममा अलोकप्रिय निर्णयहरू लिइन्छन् । तर लोकतन्त्रको सार भनेको मात्र संख्यामा हैन, जनभावनाको मर्म समेट्नु हो । बहुमत पाएर पनि अल्पसंख्यकका भावना र अधिकारको रक्षा नगर्ने व्यवस्था लोकतान्त्रिक हुँदैन । त्यसैले जनमतको सम्मान गर्नु भनेको बहुमत मात्र होइन, बहुविविधताको सम्मान गर्नु हो ।

लोकतन्त्रमा सरकार जनतासामु जवाफदेही हुन्छ । जनमतप्रति सम्मान प्रकट गर्नु भनेको सरकारका प्रत्येक अंगले आफ्नो कामको व्याख्या गर्न सक्ने जिम्मेवारी लिनु हो । जब जनताले कुनै विषयमा प्रश्न गर्छन्, तब सरकारले त्यसको उत्तर दिनुपर्छ । यसको लागि पारदर्शिता र संवाद अत्यन्त जरूरी हुन्छ । आजको प्रविधिको युगमा जनताको चेतना बढेको छ । उनीहरू राज्यको काम, निर्णय र कार्यक्रमको निगरानी गरिरहेका छन् । तसर्थ, सरकार र नेताहरू जनताको मतलाई हल्काफुल्को रूपमा लिन सक्दैनन् ।

नेपालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्र उल्लेख गरिएको छ । तर, त्यो केवल शब्दमा सीमित भए जनताका लागि अर्थ रहँदैन । संविधानले ग्यारेन्टी गरेका हक र अधिकार तब मात्र सार्थक हुन्छन्, जब ती व्यवहारमा लागू हुन्छन् । जब जनताको जीवनस्तरमा सुधार आउँछ, जब उनीहरूको आवाज सुन्छ सरकार, जब उनीहरूको सल्लाह र मतको आधारमा योजनाबनाइन्छ र बजेट विनियोजन गरिन्छ– त्यो बेला मात्रै लोकतन्त्र जनतामै आधारित छ भन्ने अनुभूति हुन्छ ।




संचारको क्रान्तिले आज जनमत झन् छिटो, तीव्र र सशक्त रूपमा सार्वजनिक हुन थालेको छ । सामाजिक सञ्जाल, अनलाइन मिडिया, रेडियो र टेलिभिजनले जनताको आवाज घरघरमा पुऱ्याइरहेका छन् । जनमत अब शासकहरूको लागि गुप्त विषय रहेन; बरू खुला बहस, आलोचना र सुझावको माध्यम बनेको छ । यस्तो परिवेशमा जनताको मतको बेइज्जती गर्नु, नेतृत्वप्रति आक्रोश र अविश्वास बढाउने काम मात्रै हुन्छ । नेतृत्वको गरिमा तबै बढ्छ, जब उसले आलोचना सुन्ने साहस देखाउँछ र गलत निर्णय सच्याउने इमानदारी राख्छ ।

जनमतको सम्मान हुनुले समाजमा समावेशिता, सहअस्तित्व र सहिष्णुता बढाउँछ । जात, वर्ग, लिंग, क्षेत्र र समुदायबीचको दुरी घट्छ । जब सबै नागरिकको मत बराबरीको रूपमा स्वीकारिन्छ, तब मात्र सामाजिक न्यायको आधार तयार हुन्छ । यदि जनमतको व्याख्या सत्ता टिकाउने अस्त्रको रूपमा मात्र गरियो भने त्यो दीर्घकालीन रूपमा समाजका लागि घातक हुन्छ । त्यसले विभाजनको राजनीति जन्माउँछ, असन्तुष्टि भड्काउँछ र संस्थाहरूमा जनताको विश्वास घटाउँछ ।

> *जब जनमतको अनादर हुन्छ, तब जनतामा निराशा जन्मिन्छ । उनीहरू राज्यप्रति विमुख हुन थाल्छन् । हिजो विश्वास गरेर मत दिएको नागरिक आज सडकमा उत्रन बाध्य हुन्छ भने त्यो राजनीतिक नेतृत्वको विफलता हो...*

लोकतन्त्रको मूल उद्देश्य भनेको जनतालाई सशक्त बनाउनु हो । जनताले निर्णय गर्न सकून्, उनीहरूको आवाज नीतिमा समावेश होस्, उनीहरूका सरोकारहरू कार्यान्वयनमा प्रतिविम्बित होउन्, यही हो लोकतन्त्रको सार । तर यदि जनतालाई 'मात्र मतदाता' मानियो भने र चुनावपछि बेवास्ता गरियो भने त्यो लोकतन्त्रको अपमान हो ।

विकसित लोकतन्त्रहरूमा जनमतको सम्मानलाई नीति निर्माणको आधार बनाइन्छ । जहाँ सर्वेक्षण, जनसुनुवाइ, परामर्श र सहभागी विधिहरू अपनाइन्छन् । तर नेपालमा यस्तो अभ्यास अझै सशक्त देखिँदैन । सहर केन्द्रित निर्णय, तल्लो तहको उपेक्षा, राजनीतिक पहुँच अनुसार स्रोत साधनको वितरण– यी सबैले जनमतको वास्तविक सम्मान भएको अनुभूति जनताले पाउँदैनन् ।

सत्ताको शिखरमा पुगेपछि नेताहरू जनताको बीचबाट आएको भावनालाई बिर्सन्छन् । उनीहरू 'मैले जितेँ, जे गरे पनि हुन्छ' भन्ने मानसिकता राख्छन् । तर लोकतन्त्र कुनै व्यक्तिको जितमा टुंगिँदैन, त्यो त सम्पूर्ण जनताको निरन्तर सहभागिताको यात्रा हो । जनमतको सम्मान गर्नु भनेको नागरिकलाई सशक्त बनाउनु हो, उनीहरूको आत्मसम्मानको रक्षा गर्नु हो । साँच्चिकै लोकतन्त्रमा केवल चुनावी नतिजाको अर्थ छैन, त्यसपछि सुरू हुने शासनको चरित्र, कार्यशैली र दृष्टिकोण नै असली परीक्षा हो । जनता केवल पाँच वर्षमा एकपटक भोट हाल्न सीमित छैनन्; उनीहरूको अनुभूति, आलोचना, राय र सुझाव हरेक दिन लोकतन्त्रको मेरूदण्ड बन्नुपर्छ ।

यदि जनमतको उपेक्षा गरियो भने त्यसले व्यवस्थामाथि प्रश्न उठाउँछ । संविधान, कानुन र संस्थामाथि आस्था घट्छ । नागरिक असहयोग, विरोध र सशक्त आन्दोलनतर्फ उन्मुख हुन्छन् । यस्तो अवस्थामा लोकतन्त्र संकटमा पर्छ । तसर्थ, जनमतलाई सतही रूपमा होइन, गहिरो जिम्मेवारीपूर्वक लिनु जरूरी हुन्छ ।

लोकतन्त्रलाई जीवन्त, सक्षम र जनमुखी बनाउनका लागि जनमतको सम्मान अपरिहार्य छ । त्यो सम्मान केवल शब्दमा होइन, कार्यमा देखिनुपर्छ । नीति निर्माणदेखि बजेट निर्माणसम्म, योजना कार्यान्वयनदेखि कानुन निर्माणसम्म–सबैमा जनताको सजीव सहभागिता र मतको कदर हुनुपर्छ । लोकतन्त्र भनेको जनताको शासन हो भन्ने मान्यता त्यतिबेला मात्रै सार्थक हुन्छ, जब नागरिकको मतलाई सुनेर, बुझेर र सम्मान गरेर शासन चलाइन्छ । जनताको मत जनमत हो, र जनमतको अनादर लोकतन्त्रको अपमान हो–यसलाई हरेक नेताले आत्मसात गर्न सक्नुपर्छ । जनताले चुप लागेर बस्नु, सधैं समर्थन गर्नु वा विरोध नगर्नु जनमतको स्वीकृति होइन; उनीहरू बोल्दा, प्रश्न उठाउँदा र सुधारको माग राख्दा मात्रै साँचो लोकतन्त्र देखिन्छ । यही चेत, यही सम्मान र यही संस्कार नै लोकतन्त्रको गहना हो ।

यदि जनमतको उपेक्षा गरियो भने त्यसले व्यवस्थामाथि प्रश्न उठाउँछ । संविधान, कानुन र संस्थामाथि आस्था घट्छ । नागरिक असहयोग, विरोध र सशक्त आन्दोलनतर्फ उन्मुख हुन्छन् । यस्तो अवस्थामा लोकतन्त्र संकटमा पर्छ । तसर्थ, जनमतलाई सतही रूपमा होइन, गहिरो जिम्मेवारीपूर्वक लिनु जरूरी हुन्छ ।

## इतिहासमा आज

२२ जुन २०१२ मा पाराग्वेका राष्ट्रपति फर्नान्डो लुगोलाई महाभियोगद्वारा पदबाट हटाइयो र फेडेरिको फ्रान्कोलाई उनको उत्तराधिकारी बनाइयो ।



२२ जुन २०१२ मा टर्की वायुसेना म्याकडोनेल डगलस एफ-४ फ्यान्टम लडाकु विमानलाई सिरियाली सशस्त्र बलले गोली हानी खसाल्यो । जसमा विमानका दुवै पाइलटको मृत्यु भयो र टर्की र सिरियाबीच पहिले नै तनावपूर्ण सम्बन्ध बिग्रियो ।



२२ जुन २०१५ मा आत्मघाती बम विस्फोटपछि अफगान राष्ट्रिय सभा भवनमा बन्दुकधारीहरूले आक्रमण गरे । जुन घटनामा सबै ६ जना बन्दुकधारी मारिए र १८ जना घाइते भए ।



२२ जुन २०२२ मा पूर्वी अफगानिस्तानमा भूकम्प शक्तिशाली भूकम्प आउँदा १ हजारभन्दा बढीको मृत्यु भयो । जसमा अरबौंको क्षति भएको थियो ।



# युवा किन निराश छन् ?

विचार



● सुजन न्यौपाने

नेपालको समकालीन राजनीतिक अवस्थाले सबैभन्दा बढी असर पारेको वर्ग भनेको युवा वर्ग हो । युवा जीवनको सबैभन्दा उर्वर समय हो र परिवर्तन, गतिशीलता र लगनशीलता पनि युवाको पर्यायवाची हो । अझ युवाहरूका विषयमा विभिन्न पक्षबाट बहुआयामिक भाष्यहरू निर्माण गरिएका हुन्छन् । राजनीतिक दलहरूको दोहोरो चरित्र, आश्वासन र व्यवहारबिचको गहिरो अन्तर र देशको विकासमा देखिएको निरन्तर ढिलाइले आजका युवाहरू निराश, आक्रोशित र भ्रमित छन् ।

युवाहरूको मनमा प्रश्नै प्रश्न छन्, 'हामीले कहाँ गल्ती गर्‍यौं र देशको भविष्य किन अँध्यारो हुँदै छ ? साँच्चिकै हामीले आशा गरेका परिवर्तन अझ कहाँ हराए ?' यी र यस्तै प्रश्नहरू युवाहरूभित्र उठिरहेको मात्रै छैन, यसको जवाफ खोज्न पनि बाध्य बनिरहेका छन् ।

२०६२ र ६३ को जनआन्दोलनको प्रमुख कडी नै युवा शक्ति थियो । लोकतन्त्र स्थापनापछि देशले समृद्धि र स्थायित्वतर्फ जाने अपेक्षा गरिएको थियो । तर, त्यो अपेक्षा झुटो साबित भयो । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता जस्ता शब्दहरूले संवैधानिक मान्यता त पाए, तर व्यवहारमा ती शब्दहरू आम जनताको जीवनमा सार्थक बन्न सकेनन् ।

लाखौं युवाहरूले आफ्ना सपना बोकेर राजनीति परिवर्तनका आन्दोलनहरूमा होमियो । कति युवाहरू हड्तालमा सडकमा उत्रिए, कतिले कलम लिएर निरन्तर सूचना बजाए, कतिले आफ्ना अभिभावक गुमाए, कतिले त प्राण नै गुमाए । तर, अहिले ती युवाहरू आफू छलिएको महसुस गरिरहेका छन् ।

आजको दिनमा राजनीतिक अस्थिरता र शासनमा देखिएको बेथितिले समग्र व्यवस्थालाई कमजोर बनायो । अर्थतन्त्रलाई रुग्ण बनायो । नेपालमा उद्योग र लगानीमैत्री वातावरणको निर्माण हुन सकेन । नतिजा स्वरूप, अझ आँखाभरि आशु र मनभरि पीडा बोकी कयौं युवाहरू हरेक महिना विदेश पलायन भइरहेका छन् । कोही खाडी मुलुकहरूमा मजदुरी गर्न जान बाध्य छन् भने कोही उच्च शिक्षा र अवसरको खोजीमा अमेरिका, अस्ट्रेलिया, जापान लागेका छन् । कुनै सभा र सम्मेलनमा राजनीतिक नेताहरूले युवा शक्तिलाई 'देशको मेरुदण्ड' भनेर भाषण त गर्छन्, तर उनीहरूका नीति र कार्यक्रमले भने त्यो मेरुदण्डलाई नै भाँचिदिन्छन् । आज युवा निराश हुनुको कारण यही हो । त्यसैले यस्ता विकृतिले भरिपूर्ण राजनीति संस्कारलाई बदल्नु छ भने युवाहरू आफू बदलिनु जरुरी छ । आजको युवाहरू समाधानको बाटो पनि खोजिरहेका छन् । विभिन्न स्वतन्त्र अभियन्ताहरू, समाजसेवी युवा, उद्यमशील पहल, शिक्षामा नवप्रवर्तन ल्याउने कामहरू युवाहरूबाट नै भइरहेको छ । अबका युवाहरूमा आफैं बाटो बनाउने सोच विकसित भइरहेको छ । सोसल मिडिया प्लेटफर्महरूमा सरकारका कामकारबाहीमाथि प्रश्न उठाउने, आन्दोलनहरूको नेतृत्व गर्ने र वैकल्पिक विचार प्रवाह गर्ने कार्यमा युवा अग्रणी छन् । यी परिवर्तनका संकेतहरू पनि हुन् । तर, दुर्भाग्यवश, सत्ता पक्षले यस्तो चेतनशीलतालाई दबाउने प्रयास गरेको छ ।

> *युवाहरूको मनमा प्रश्नै प्रश्न छन्, 'हामीले कहाँ गल्ती गर्‍यौं र देशको भविष्य किन अँध्यारो हुँदै छ ? साँच्चिकै हामीले आशा गरेका परिवर्तन अझ कहाँ हराए ?' यी र यस्तै प्रश्नहरू युवाहरूभित्र उठिरहेको मात्रै छैन, यसको जवाफ खोज्न पनि बाध्य बनिरहेका छन्...*

पछिल्लो केही समय यता युवाहरू वैकल्पिक राजनीतिक शक्ति निर्माणतर्फ लागेको देखिन्छ । युवाहरूले क्रमशः परम्परागत दलहरूप्रति भरोसा मान्न छाडिरहेका छन् । अव युवाहरूले नयाँ सम्भावनाहरू खोजिरहेका छन् । तर, ती वैकल्पिक शक्तिहरू आफैं पनि स्वच्छ, पारदर्शी र जनमुखी बन्न सकेनन् भने युवाहरू फेरि निराश हुनेछन् । पछिल्लो राजनीति निहालिरहँदा नेपाली युवाको सपना होइन, पीडाको कारण बनेको छ । अझ परिवर्तनका नाममा भएका ती आन्दोलनहरू चुनावी परिणामहरू र घोषणापत्रहरूले युवालाई झनै टाढा बनाएको छ । हिजोका ती तमाम युवाका आशावादी अनुहारहरू आज कठोर र कठ्याङ्गिएका छन् । जसको निकास अनिवार्य छ । यदि समयमै निकास भएन भने त्यसको स्वरूप केही पीडादायी पनि हुनसक्छ ।

## सामाजिक सञ्जाल



प्रेमकान्त अधिकारी

औचित्यहीन प्रयोगविहीन अनावश्यक सल्लाह सुझाव संशोधनको मतलब के भयो प्रतिनिधिमूलक संसदमा सांसदहरू को ? यस्तो वाणी फुटोस् कि जुन अकाट्य होस्, उदाहरणीय पात्र बनोस् । अन्यथा बोल्नका लागि मात्र बोली हुने भयो । बेवकुफ कसैलाई नबनाइयोस् र कोही नबनोस् । आफ्नो बोली अमूल्य बनोस् ।

पहाडमा झन् डेन्जर छ । मधेसमा मान्छेहरू अलि चर्को बोल्छन्, सबैले थाह पाउँछन् । पहाडमा कांग्रेस, कम्युनिस्ट, गणतन्त्रवादी, राजावादी तैं चुप, मै चुप रहेर भाग शान्ति गर्छन् । पहाडमा नेताभन्दा जनता फटाहा बनेर निस्किए । धारासम्म जानको अल्छीले गाडेको पाइप उधिनेर काटेर पानी थाप्छन् ।




रञ्जित तामाङ



मुमाराम खनाल

अवकाश पाएको एक दिन नबित्दै लाभको पदमा जान हतार गर्ने माथिल्ला कर्मचारीको लोभ र अराजकता रोक्न आफैं पहल गर्नुपर्नेमा प्रम स्वयं 'कुलिङ पिरियड'को विपक्षमा वकालत गर्दैछन् । जसमा प्रम केपी शर्मा ओली देखाएको भूमिका निराशजनक छ । कांग्रेस 'कुलिङ पिरियड'को पक्षबाट पछि नहटोस् ।

अन्तिम अवस्थामा निजामती विधेयकले तय गरेको 'कुलिङ पिरियड'लाई तुहाउने काम नहोस्, यसमा प्रधानमन्त्री ओलीको ध्यान जानु आवश्यक छ । उच्चपदस्थ कर्मचारीलाई वास्तविक 'राष्ट्र सेवक' बनाउँछ यस प्रावधानले ।



कणनमणी दीक्षित

# बझाङमा एकल महिलासँग स्थानीय सरकार संवाद

**रमेश बहादुर सिंह/मध्यान्ह**
बझाङ, ७ असार

१५औं एकल महिला दिवसको अवसरमा बझाङको केदारस्युँ गाउँपालिकाले एकल महिलासँग अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा उपाध्यक्ष मनिसा धामीले एकल महिलाहरुका समस्याहरु र आवश्यकता सम्बोधन गर्दै एकल महिला सशक्तिकरणका लागि गाउँपालिकाले गरेको विभिन्न पहल र योजनाहरुको चर्चा गरिन्। उपाध्यक्ष धामीले भनिन्, 'महिलाहरुका लागि विशेष योजनाहरु ल्याउने मेरो मुख्य उद्देश्य हो। एकल महिला, अपाङ्ग महिला, दलित र जनजाति वर्गका महिलाहरुलाई आर्थिक, सामाजिक र मानसिक सशक्तिकरणका लागि विभिन्न तालिम र रोजगारमूलक कार्यक्रमहरु संचालन गरिरहेको छु।'

उनले थपिन्, 'मैले नौ वटै वडामा गएर महिला समूहहरू गठन गराएकी छु र उनीहरूको समस्यालाई प्राथमिकतामा राखेर समाधान गर्ने प्रयास गर्दैछु।'



कार्यक्रममा, एकल महिलाहरुले आफ्नो जीवनका संघर्ष र समस्याहरुको बारेमा जानकारी गराउँदै उपाध्यक्ष धामीको पहलबाट आफूहरुको जीवनमा आएको सकारात्मक परिवर्तनका बारेमा जानकारी गराएका थिए। कार्यक्रममा एकल महिलाहरुको अवस्था र उनीहरूको सशक्तिकरणका लागि भएका सरकारी कदमहरुको बारेमा प्रकाश पारिएको थियो।

नेपालमा महिलाहरुको संख्या पुरुषभन्दा बढी छ, महिलाका लागि ३३ प्रतिशत सिट सुनिश्चित गरिएको भएपनि, महिलाहरुका अधिकार र लैंगिक समानता सम्बन्धी कानून र कार्यान्वयनका पाटाहरु अझै कमजोर छन्।

यद्यपि, एकल महिला सशक्तिकरणका लागि सरकारले विभिन्न योजनाहरु ल्याएको छ, जसमा २०७० सालमा आकस्मिक कोषको स्थापना र एकल महिला वर्गका लागि राहत प्रदान गर्ने नियमावलीको व्यवस्था गरिएको छ।

कार्यक्रमको सहजीकरण पत्रकार महासंघका पूर्वअध्यक्ष जगत खड्का र जगदीश रोकायाले गरेका थिए। कार्यक्रममा गाउँपालिका अध्यक्ष गणेश बोहरा, पत्रकारहरु र एकल महिलाहरुको उल्लेख्य सहभागीता रहेको थियो। संयुक्त राष्ट्रसंघले २०१० डिसेम्बरमा प्रत्येक वर्षको जुन २३ लाई अन्तर्राष्ट्रिय एकल महिला दिवसको रुपमा मनाउने घोषणा गरेको थियो।

सन् २०११ को जुन २३ बाट दिवस मनाउने क्रम सुरु भएको हो। राष्ट्रसंघले श्रीमान गुमाएका, श्रीमान हराएका, सम्बन्ध विच्छेद गरेका र बिहे नगरी बसेका महिलालाई एकल महिला भनि उल्लेख गरेको छ।

# मन्त्री राणाको पहलमा प्यूठानका १२ सडकका लागि ६ करोड बजेट विनियोजन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
प्यूठान, ७ असार



लुम्बिनी प्रदेश सरकारका शहरी विकास तथा खानपानी मन्त्री तथा नेपाली कांग्रेसका युवा नेता रोज राणाले आफ्ना गृहजिल्ला प्यूठानको १२ वटा सडकको लागि बहुवर्षीय योजनासहित ६ करोड रुपैयाँ बजेट विनियोजन गरेका छन्। यसले प्यूठानमा विकासको गति थप द्रुत बनाउने र स्थानीयमा खुशीको लहर ल्याएको छ।

मन्त्री राणाले असार १ गते सार्वजनिक गरेको २०८२/८३ को बजेटमा प्यूठानका सडक परियोजनालाई प्राथमिकताका साथ समेटिएको छ।

प्यूठानका एक दर्जन सडकहरूमा एकै पटक बजेट विनियोजन गर्ने मन्त्री राणाको यो निर्णयले ठूलो चर्चा पाएको छ।

मन्त्री राणाले चुनावी प्रतिबद्धताअनुसार प्यूठान जिल्लाका विभिन्न सडकहरूको स्तरोन्नति र सुधारका लागि पहल गरेका थिए। उनले चुवानी प्रचारका क्रममा भनेका थिए, 'प्यूठानमा विकासको फड्को मार्ने र सबै सडकमा धुलो र हिलो अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै चुनावी प्रचार गरेको छु।' राणाले यी १२ सडकहरूको लागि प्रत्येकमा ५० लाख रुपैयाँ बजेट विनियोजन गरेका छन्, जसको कुल लागत ५९ करोड ८८ लाख रुपैयाँ अनुमान गरिएको छ।

मन्त्री राणाले विभिन्न स्थानका सडकहरूको स्तरोन्नति, कालोपत्रे र सुधारको लागि बजेट विनियोजन गरेका छन्। प्यूठानका स्वर्गद्वारी नगरपालिका, झिमरुक गाउँपालिका, माण्डवी गाउँपालिका, मल्लरानी गाउँपालिका, नौबहिनी गाउँपालिका लगायतका स्थानहरूमा सडक सुधारका लागि बजेट विनियोजन गरिएको छ। यी परियोजनाले स्थानीय सञ्जाल, यातायात र नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउने विश्वास व्यक्त गरिएको छ।

मन्त्री राणाले लुम्बिनी प्रदेशका पहाडी जिल्लाहरूमा १५ करोड रुपैयाँभन्दा माथि र तराईका जिल्लामा २० करोड रुपैयाँको बजेट खानपानीका समस्या समाधानका लागि विनियोजन गरेका छन्। यसले मन्त्री राणाको प्रतिष्ठा थप बलियो बनाएको छ।

यसअघि, मन्त्री राणाले बाग्दुला-मच्छी र दम्ती-धाइरे-अधेरी सडकखण्डका लागि बजेट विनियोजन गरेका थिए र यसका लागि उनले पैदल यात्रा गरी समस्याहरूको वास्तविकता बुझेका थिए। मन्त्री राणाको कार्यकालमा लुम्बिनी प्रदेशको बजेट अझै बढी प्रभावकारी र लक्षित क्षेत्रमा प्रयोग भइरहेको छ। प्यूठानलाई सबैभन्दा ठूलो बजेट प्राप्त गर्ने जिल्ला बनाउँदै उनले आफ्नो विकासोन्मुख कार्यदिशा स्पष्ट गरेका छन्।

# सय बढी प्रवचनकर्ताले गरे कथा वाचन




**परासी/मस**–एक सयभन्दा बढी प्रवचनकर्ताको सहभागितामा नवलपरासीको सुनवलमा धार्मिक महोत्सव सुरु भएको छ।

सुनवल नगरपालिका-१० खखरीबारीस्थित 'हरिहर ॐ कारेश्वर महादेव मन्दिर' मा आयोजना हुने महोत्सव साउन महिनाभरी सञ्चालन हुने छ। समाजमा धर्मको जागरण गराई समाजलाई सतमार्गमा लैजान अभिप्रेरित गर्ने उद्देश्यले साउन महिनाभरी धार्मिक महोत्सवको आयोजना गरिएको महोत्सव मुल समितिका संयोजक विष्णुप्रसाद पौडेलले बताए।

स्थानीयवासी र सामाजिक संघ संस्थाहरुले ४ महिनाअघिदेखि महोत्सव गर्न तयारी थालेका हुन्। १ साउनदेखि ३१ सम्म सञ्चालन हुने महोत्सवको नाम 'ॐ कारेश्वर राष्ट्र कल्याण विश्व शान्ति श्रावणी महोत्सव-२०८२' राखिएको छ। हिन्दु धर्ममा साउन महिनालाई महादेवको महिनाका रूपमा लिने भएकाले महिना दिनभरी महोत्सव सञ्चालन गर्न लागिएको समितिका अध्यक्ष पौडेलले जानकारी दिए।

महोत्सवमा विश्वकै कान्छा उमेर समूहका प्रवचनकर्ता अनुराधा पाण्डे, शिव आचार्यसहित झन्डै एक सय बढी प्रवचनकर्ताले कथा वाचन गर्ने महोत्सवका प्रमुख कथा वाचक बालव्यास श्रवण न्यौपानेले बताए। महोत्सवमा दैनिक ३ देखि ५ जनाले कथा वाचन गर्ने छन्।

महोत्सव अवधिभर झन्डै २० लाख भक्तजन आउने अनुमान छ। दैनिक १० हजारको हाराहारीमा भक्तजन आउने अनुमान गरिएकाले सोही अनुसार बस्ने व्यवस्था मिलाइएको आयोजकले जनाएको छ। महोत्सवमा डेढ करोड बेलपत्र, डेढ करोड दीप प्रज्वलन र डेढ करोड शिवलिंग पूजन हुनेछ।

# बालिकालाई साइकल वितरण



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ७ असार

बर्दियाको राजापुर नगरपालिकाका संकटासन्न तथा पछाडि पारिएका समुदायका बालिकाहरुलाई साइकल सहयोग गरिएको छ। राजापुर नगरपालिकाको समन्वय तथा प्लान इन्टर नेशनल नेपाल र बाँके युनेस्को क्लवको साझेदारीमा सञ्चालित सुरक्षा परियोजना अन्तरगत साइकल सहयोग गरिएको हो।

परियोजना लागु भएका विद्यालयमा अध्ययनरत प्लान प्रायोजित अतिविपन्न, मुस्लिम दलित संकटासन्न र पछाडि पारिएका समुदायका बालिका लाई साईकल सहयोग गरिएको हो। एक कार्यक्रमकाबीच राजापुर नगरपालिकाकी उपप्रमुख मनकला कुमारी चौधरीले २ लाख ८० हजार २ सय ४० रुपैयाँ बराबरको साइकल ३१ जना बालिकाहरुलाई प्रदान गरिन्। बालिकाहरुको शिक्षामा पहुँच बढाउनुका साथै विद्यालयमा टिकाइ राख्न र विद्यालयमा निरन्तरता बढाउने उद्देश्यका साथ उनीहरुलाई साइकल सहयोग गरिएको परियोजनाले जनाएको छ।

# पर्सागढीले ल्यायो ५६ करोडको बजेट



वीरगञ्ज/मस-पर्साको पर्सागढी नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ।

नगरसभाको १३ औं अधिवेशनमा उपमेयर पूजा चौधरीले ५६ करोड ६ लाख २ हजार ४ सय ७९ रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरेकी हुन्।

जसमा संघीय सरकारको वित्तीय समानीकरण अनुदान ११ करोड ७६ लाख, संघीय सशर्त अनुदान २६ करोड ९० लाख, राजस्व बाँडफाँडतर्फ प्राप्त हुने १० करोड ६१ लाख १ हजार ८९९, प्रदेश वित्तीय समानीकरण अनुदान, ८२ लाख ६ हजार, प्रदेश सशर्त अनुदान, ९५ लाख, प्रदेश राजस्व बाँडफाँडबाट प्राप्त हुने. ८० लाख ८४ हजार ५८०, विशेष अनुदान, ३० लाख, समपुरकअनुदान २० लाख, आन्तरिक आय २ करोड ७१ लाख १० हजार रुपैयाँ रहेको छ।

मेयर गोकर्ण पाठकले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार र खेलकुदलाई प्राथमिकतामा राखिएको जानकारी दिए। मेयर पाठकले योजना कार्यान्वयनमा पारदर्शिता र प्रभावकारिता सुनिश्चित गरिने बताए।

नगरसभामा प्रमुख प्रशासकीय अधिकृत राजु प्रसाद साहले जनप्रतिनिधि र कर्मचारीहरू बीचको सहकार्यले पर्सागढी समृद्धिको बाटोमा अघि बढ्ने विश्वास व्यक्त गरे।

# दुर्घटना रोक्न ब्यान्ड बाजा बजाएर जनचेतना




**सिरहा/मस**-सिरहामा सवारी दुर्घटना बढ्न थालेपछि यातायात व्यवस्था कार्यालयले जनचेतनामूलक कार्यक्रम सुरु गरेको छ।

शनिबार लहान बजारमा जनचेतना जगाउन ब्यान्ड बाजा बजाएर प्रभातफेरी गरिएको छ। विद्यार्थी, कर्मचारी, ट्राफिक प्रहरीले सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी नारा लेखिएको प्लेकार्ड बोकेर बजारमा प्रभातफेरि गरेका थिए। सर्वसाधारणलाई बाजाको माध्यमबाट ध्यानाकर्षण होस् भनेर ब्यान्ड बाजा लिएर नै जनचेतना कार्यक्रम गरिएको हो। चालु आर्थिक वर्षको हालसम्ममा सिरहामा ८६१ वटा सवारी दुर्घटनामा १ हजार ३७४ जना घाइते भएका छन् भने ७९ जनाको ज्यान गएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

यसैगरी आर्थिक वर्ष ०८०/०८१ मा १ हजार ५७९ घाइते, ६८ को मृत्यु, ०७९/०८० मा १ हजार ८३ घाइते, ६६ को मृत्यु र ०७८/०७९ मा ९७४ जना घाइते र ७२ जनाको मृत्यु भएको थियो।

# ईशनाथ नगरपालिकामा ४९ करोडको बजेट पारित



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ असार

ईशनाथ नगरपालिकाको ११औं नगरसभा शनिबार सम्पन्न भएको छ। नगर प्रमुख कौशल्या देवीको अध्यक्षतामा सम्पन्न सभामा नगरसभा सदस्यहरू, समाजसेवी, बुद्धिजीवी तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

सभामा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ४९ करोड ६४ लाख ५२ हजार ४५७ रुपैयाँको बजेट प्रस्तुत गरिनुका साथै नगरसभाबाट सर्वसम्मत रूपमा पारित गरिएको हो। नगरपालिकाले आगामी वर्षमा शिक्षा, स्वास्थ्य, रोजगार, कृषि तथा महिला तथा बाल विकास जस्ता क्षेत्रहरूमा विशेष प्राथमिकता दिँदै योजना अघि बढाउने प्रतिबद्धता जनाए। राजस्व बाँडफाँटबाट प्राप्त रकम संघ र प्रदेशको रकमका साथै संघीय सरकारबाट समानीकरण अनुदान, सशर्त अनुदान चालू पुँजीगत, विशेष अनुदान पुँजीगत र समपूरक अनुदान पुँजीगत, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान गरी उक्त बजेट प्रस्तुत गरिएको उनले बताए।

नगरसभामा प्रमुख अतिथि पूर्वसचिव राम स्वरूप सिन्हा, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नन्द किशोर गुप्ता, उपप्रमुख मो. प्रवेज आलम तथा सबै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, सबै नगरसभा सदस्यहरू, कर्मचारी, संचारकर्मी, प्रहरी लगायतको सहभागितामा नगर अधिवेशन सम्पन्न भएको लेखा अधिकृत मनोज ठाकुरले बताए।

# सिजाङ सम्बन्ध सांस्कृतिक सप्ताह सुरू



**काठमाडौं/मस**–नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्ष पुगेको सन्दर्भमा साताव्यापी सिजाङ सांस्कृतिक सप्ताह सुरू भएको छ।

'सिजाङ मिडिया ग्रुप'द्वारा शनिबार आयोजित सप्ताहको राष्ट्रिय सभाका उपाध्यक्ष विमला घिमिरे, नेपालका लागि चीनका राजदूत छन सोङ र सिजाङ अन्तर्राष्ट्रिय सांस्कृतकि संघका उपाध्यक्ष लो च्युनले संयुक्त रूपमा उद्घाटन गरे।

त्यस अवसरमा उपाध्यक्ष घिमिरेले यस्ता कार्यक्रमबाट दुई देशबीचको सांस्कृतिक सम्बन्धलाई सुदृढ तुल्याउन र जनस्तरीय मैत्रीलाई प्रगाढ बनाउन योगदान हुने विश्वास व्यक्त गरे। उनले भनिन्,'नेपाल-चीन सम्बन्ध केबल कूटनीतिक सीमाभित्र सीमित छैन, यो सम्बन्ध साझा इतिहास, संस्कृति, धर्म, सभ्यता र जनजीवनको जगमा निर्माण भएको छ।' 'एक चीन' सिद्धान्तप्रति नेपाल आफ्नो प्रतिबद्धता रहेको पनि उनले बताइन्।

नेपालका लागि चीनका राजदूत सोङले चीन जनताको आकांक्षाअनुरुप आर्थिक विकास, सामाजिक सद्भाव, पर्यटन प्रवर्द्धन, भौतिक पूर्वाधार निर्माण, यातायात सञ्जाल विस्तार, सूचना प्रविधिको विकासलाई तीव्रता दिँदै आर्थिक समृद्धिको यात्रामा अघि बढिरहेको बताए।

सिजाङ अन्तर्राष्ट्रिय सांस्कृतिक संघका उपाध्यक्ष च्युनले नेपाल र चीनबीच झण्डै दुई हजार वर्षदेखिको सांस्कृतिक सम्बन्ध सरकार स्तरका साथै जनस्तरमा पनि झाङ्गिँदै गएको बताए। उनले दुई देशबीचको व्यापार, पर्यटन, संस्कृति र अन्य जनहितका क्षेत्रमा भएका कामले आपसी सम्बन्धलाई अझ विस्तार गरेको बताए।

उद्घाटन समारोहमा विविध सांस्कृतिक कार्यक्रमका साथै सिजाङ क्षेत्रको भौगोलिक विविधता, रहनसहन, कला संस्कृति, वेशभूषा, पूर्वाधार निर्माणलगायत सिजाङसँग सम्बन्धित तस्बिर प्रदर्शन गरिएको थियो।

# रुकुम पूर्वमा एम्बुलेन्स सेवा सुरू




**रुकुमपूर्व/मस**-रुकुम पूर्व अस्पतालमा शनिबारदेखि एम्बुलेन्स सेवा सुरु भएको छ। अस्पतालमा उपचारका लागि पुग्ने बिरामीका लागि एम्बुलेन्स सेवा सुरु भएको हो। अस्पतालका निमित्त कार्यालय प्रमुख डा.कृष्ण खरालले 'क' वर्गको एम्बुलेन्स प्राप्त भएसँगै दुर्गम बस्तीमा बसोबास गर्ने बिरामीहरूलाई ठूलो राहत हुने बताए।

डा. खरालका अनुसार प्रदेश सरकारले रुकुम पूर्व अस्पतालमा ब्लड बैंक स्थापनाका लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरिसकेको छ।

**युएईमा रोजगार**
कम्पनी: AMAN TAXI SOLE PROPRIETORSHIP LLC
पूर्व स्वीकृत मिति: २०८०/१२/१८ चलानी नं.: ६०२२२२४०
शहर: UAE
LT. No.: 302822

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 50 | 0 | स. काममा दक्ष | 1500 | ५६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १५ र १६ गते (29 & 30 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np

# क्यानडामा रामकृष्ण ढकाल साँझ हुँदै

**शिशिर सिंखडा/मध्यान्ह**
टोरण्टो, ७ असार

अन्तर्राष्ट्रिय संगीत दिवसको अवसरमा क्यानडाको ब्राम्पटन शहरमा नेपाली सुगम संगीतका गायक 'रामकृष्ण ढकाल साँझ' लाईभ म्युजिक हुने भएको छ ।



नेपाली सुगम संगीतका गायक ढकालको एकल साँझ शनिबार हुन लागेको हो ।

'रामकृष्ण ढकाल साँझ' कार्यक्रममा आधुनिक गीत संगीतका पारखीहरूले भरपुर आनन्द र मनोरञ्जन लिने आयोजक समितिका सदस्य घनश्याम भट्टराईले बताए ।

भुखाराग्रील रेस्टुरेन्टको हलमा हुने कार्यक्रम नितान्त पारिवारिक रूपमा आयोजना हुनेछ । पारिवारिक समूह प्रगतिशील समूहको आयोजनामा हुने कार्यक्रममा करिब १ सय जना सहभागी रहने र कार्यक्रमको टिकट पनि बिक्री भइसकेको कार्यक्रम संयोजक कमल ज्ञवालीले जानकारी दिए ।

गायक ढकाललाई तबलामा सन्तोष घिमिरे र गितारमा उदयराज पौडेलले साथ दिनेछन् ।

कार्यक्रमको मुख्य प्रायोजक पोखेल ल फर्म (अधिवक्ता राजेन्द्र पोखेल) छन् भने प्रायोजकमा एक्सपेरियर फाइनान्सिएल ग्रुप, एभरेष्ट रियालिटीका जगन सापकोटा र गणेश ज्ञवाली, एडमार्कका रुद्र कार्की र तावाघर रेस्टुरेन्टकी सञ्चालिकम सीता राना छन् । मिडिया पार्टनरमा क्यानडा नेपाल न्युज डट्कम रहेको छ ।

कार्यक्रममा गायक ढकालका 'चरीले त छाडेर गैगयो...', 'मन पराउने हजार भेटिन्छन...,' 'माया गर्नेको...,' 'ओराली लागेको...,' 'बिहान उठ्ने बित्तिकै हिमाल देख्न पाइयोस...,' लगायतका तथा नारायण गोपालका केही गीत पनि प्रस्तुत गर्नेछन् ।

२०४५ सालमा १३ वर्षको उमेरमै पहिलोपटक 'ढकाल सुमधुर साँझ' एकल कार्यक्रममा हिन्दी र नेपालीका २२ वटा गीत प्रस्तुत गरेर चर्चित बनेका ढकाल नेपालमा सानो उमेरमै एकल साँझ गर्ने पहिलो गायक पनि हुन ।

२० वटा एकल एल्बम सार्वजनिक गरिसकेका ढकालका दर्जनौ गीतहरू चर्चित छन । उनले ५ हजार भन्दा बढी गीत गाएका छन ।

प्रवासमा रहेका नेपालीहरू, नेपाली गीत सङ्गीतप्रति माया गर्नेहरूलाई यो उत्कृष्ट कार्यक्रम रहने भन्दै आयोजकले कार्यक्रममा सहभागी हुनका लागि सबैलाई आग्रह समेत गरेको छ ।

# 'अञ्जिला'ले पूरा गर्‍यो प्रदर्शनको सय दिन

**काठमाडौं/मस**–नेपाली फुटबलकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जिवनीमा आधारित चलचित्र 'अञ्जिला' ले ७ चलचित्र भवनमा एक सय दिन पूरा गरेको छ ।




काठमाडौंको क्युएफएक्सको सामाखुसीस्थित सिटीस्क्वायर मल, कीर्तिपुरस्थित कीर्तिपुर सिनेप्लेक्स, इटहरीको एलाइट सिनेमा, बिर्तामोडको पाथीभरा सिनेप्लाजा, चितवनको म्याङ्गो जनज्योति सिनेमा र विराटनगरको सेन्ट्रल मल्टिप्लेक्समा प्रदर्शनको १०० दिन पूरा गरेको निर्देशक मिलन चाम्सले जानकारी दिए ।

चाम्सले भने, 'हामीले जुन सोचका साथ चलचित्रको निर्माण सुरुआत गरेका थियौं, त्यो आज पूरा भएको छ । खेलाडीको जीवनीमा आधारित चलचित्रलाई दर्शकले दिनुभएको माया अमूल्य छ, यसले आउँदो दिनमा अन्य खेलाडीको कथामा चलचित्र बनाउन प्रेरणा दिएको छ । कप्तान सुब्बाको घर बनाउने सपना पनि पूरा हुँदैछ, हामी चाँडै जानकारी दिनेछौँ ।' चलचित्रमा स्वयं कप्तान सुब्बाले आफ्नो भूमिका निर्वाह गरेका छन् । उनीसँगै चलचित्रमा दयाहाङ राई, सिर्जना सुब्बा, विजय बराल, माओत्से गुरुङ, प्रेमकुमार श्रेष्ठले अभिनय गरेका छन् । उक्त चलचित्र गत वर्ष फागुन २९ गतेदेखि प्रदर्शन भएको थियो ।

# गुञ्जियो 'जिन्दगीको के भरोसा'

**काठमाडौं/मस**–स्रष्टा सुभाषचन्द्र पौडेल 'भीमफेदीया' को शब्द, संगीतकार नरहरि प्रेमीको संगीत र अपेक्षा खनालको स्वर रहेको 'जिन्दगीको के भरोसा' गीत सार्वजनिक भएको छ ।




साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, प्रमुख अतिथि गीतकार संघका अध्यक्ष बसन्त थापा बित्यासी लगायतले 'जिन्दगीको के भरोसा' गीति एल्बमको लोकार्पण गरेका हुन् ।

कार्यक्रममा स्रष्टा सुभाषचन्द्र पौडेल 'भीमफेदीया'लाई अध्यक्ष लेकाली, प्रमुख अतिथि बित्यासी र वरिष्ठ साहित्यकार महेश प्रसाईले टोपी, माला र पुष्पवृष्टिको साथ सम्मान गरेका थिए ।

श्रीरामसिहं बस्नेतले लोकार्पित एल्बमबारे समीक्षा गरेका थिए । लोकार्पित गीतका सङ्गीतकार नरहरि प्रेमी र गायिका अपेक्षा खनालले गीतबारे मन्तव्य राख्दै गीत गाएका थिए ।

कवि मुरारी सिग्देलले सहजीकरण गरेको कार्यक्रममा अध्यक्ष लेकाली, प्रमुख अतिथि बित्यासी र गीतकार 'भीमफेदीया' ले नेपाली गीतको अवस्था, प्रतिलिपि अधिकार र रोयल्टी संकलनको अवस्थाबारे बोलेका थिए ।

कार्यक्रममा वरिष्ठ साहित्यकार महेश प्रसाई, कथाकार एवं शब्दपथका प्रधानसम्पादक किशोर पहाडी, प्राडा गोविन्दमान सिंह कार्की, दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्त, पत्रकार एवम् कथाकार श्रीराम सिंह बस्नेत, साहित्यकारहरू विजयध्वज थापा, युवराज मैनाली, ठाकुर शर्मा भण्डारी, सन्तोष श्रेष्ठ, जयराम विडारी, मन्जिला अनिल, उषा केसी, गंगाप्रसाद भेटवाल, प्रतिक घिमिरे, नवराज पराजुली, वन्दना पौडेल, मोहन पोखरेल लगायतको उपस्थिति थियो ।

# अजम्बरी माया आयो

**काठमाडौं/मस**–
मोसफलमा रहेर पनि कलाकारितालाई निरन्तरता दिइरहेका अभिनेता माधव केसी अभिनित नयाँ भिडियो सार्वजनिक भएको छ ।




लोकप्रिय गायक शिव परियारको स्वरमा 'अजम्बरी माया' बोलको मर्मस्पर्शी गीतको भिडियो ओएसआर डिजिटलमार्फत् सार्वजनिक भएको हो । भिडियोमा अभिनेता केसीलाई मेनुका माझी र गणेश गहतराजले अभिनयमा साथ दिएका छन् ।

डा. राजुबाबु श्रेष्ठको शब्द, अनिश श्रेष्ठको संगीत, आमोस तामाङको संगीत संयोजन रहेको गीतको भिडियोमा छायांकन मदन कश्यप घिमिरे, सम्पादक मित्रा डी. गुरुङ र निर्देशन नवल नेपालको रहेको छ ।

# 'दु:ख सुनाएर के काम ?' सार्वजनिक

**काठमाडौं/मस**–गीतकार नारायण खतिवडाको शब्द सिर्जनामा नयाँ गीत 'दु:ख सुनाएर के काम?' सार्वजनिक गरिएको छ ।




संगीतकार दीपक शर्माको संगीत र गायक स्वरूपराज आचार्यको स्वरमा सजिएको गीत नमस्ते नेपाल डिजिटल स्टुडियोको प्रस्तुतिमा युट्युबसहित विभिन्न अन्तर्राष्ट्रिय अडियो तथा भिडियो स्ट्रिमिङ प्लेटफर्महरूमा उपलब्ध गराइएको छ ।

गीतमार्फत् मानवीय संवेदना, सामाजिक यथार्थ र मानिसको भावनात्मक अवस्था उजागर गरिएको छ । गीतमा जीवनको कठिन क्षणमा मानिसले दु:ख, पीडा र निराशा साझा गर्दा प्रायः सच्चा साथ पाउन कठिन हुने यथार्थता प्रस्तुत गरिएको छ ।

'साथ मागेर के काम? चाहिँदाखेरि पाइँदैन भने !' जस्ता गीतले स्वार्थी सोच र मानवीय संवेदनहीनता विरुद्ध गहिरो सन्देश दिएको छ ।


गीतकार खतिवडाले गीतमार्फत् सकारात्मक सोच भएका व्यक्तिहरूबाट ऊर्जा प्रवाह हुने र नकारात्मक प्रवृत्तिका मानिसबाट टाढा रहन सुझाएका छन् । गीतले अरूको कुरा काट्दै हिँड्ने व्यक्तिबाट जीवनमा असर पार्न सक्ने कुरा सुन्दर रूपमा प्रस्तुत गरिएको छ ।

गीतकार खतिवडाले नेपाली संगीत क्षेत्रमा 'स्वार्थी संसार', 'स्वदेश छोडी', 'मनका कुरा', 'बिन्दास', 'सन्देश पुर्‍याइदेउ', 'मेरो कथा' लगायतका दर्जनौं गीत गाएका छन् । उनको गीतिसंग्रह 'सम्झनाका पाइलाहरू' मा १०९ गीत समावेश छन् ।

सरकारी सेवामा कार्यरत खतिवडाले सामाजिक परिवेश, समसामयिक अवस्था, राष्ट्र र राष्ट्रियताको भावना, संयोग र वियोगको अनुभूति तथा यथार्थ घटना कलात्मक रूपमा प्रस्तुत गर्दै आएका छन् ।

संगीतकार दीपक शर्माको गहिरो संगीत र स्वरूपराज आचार्यको हृदयस्पर्शी आवाजले गीतलाई थप प्रभावशाली बनाएको छ । गीत अहिले डिजिटल प्लेटफर्महरूमा श्रोतामाझ विस्तार हुँदै गएको छ ।

# वसन्त चौधरीको 'देवयानी' बजारमा




**काठमाडौं/मस**–साहित्यकार वसन्त चौधरीको पहिलो आख्यान 'देवयानी'को विमोचन भएको छ । कृतिको डिजिटल सार्वजनिकीकरण गरिएको छ ।

विमोचन कार्यक्रममा उमा सुवेदी, अमर न्यौपाने, बबिता बस्नेत, विश्वविमोहन श्रेष्ठ र कुमारी लामाले उपन्यास देवयानीप्रति टिप्पणी गरेका थिए । उनीहरूले उपन्यास वैवाहिक सम्बन्धको वरिपरि घुमेको बताए । उपन्यासले वर्तमान समाजको यथार्थ चित्रलाई चित्रण गरेको उनीहरूको विश्लेषण थियो ।

कार्यक्रममा उपन्यासकार चौधरीले पाँच दशक लामो लेखनीमा पहिलो उपन्यास दुई वर्ष लगाएर लेखेको रहस्य खोले । उनले छोटा कथा लेखेको अनुभवले उपन्यासको कथाको प्लट तयार पार्न सजिलो भएको बताए । उनले आफूले अहिलेसम्म इमानदार भएर कलम चलाएको बताए ।

उपन्यासले दुई भिन्न दृष्टिकोण राख्ने नारीहरूको अन्तर्य र त्यसबाट उत्पन्न द्विविधामा अलमलिएको पुरुष चेतनालाई सविस्तार वर्णन गर्ने प्रयास गरेको छ ।

'देवयानी' ले फरक अवधारणा र परिवेशमा हुर्किएका दुई नारीको मनस्थितिबिचबाट यात्रा गर्नुपर्ने परिबन्धमा परेको पुरुषको मानसिकतालाई प्रबल रूपमा प्रस्तुत गरेको छ । यसले सम्बन्धमा आउने जटिलता र मानवीय मनोभावको गहिराइलाई केलाउने प्रयास गरेको देखिन्छ ।

यसअघि चौधरीका निबन्ध, गीत, कविता गरी करिब दुई दर्जन कृति प्रकाशित छन् ।

**कल्याणपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कल्याणपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**Ready to eat nutrition food (तयारी पौष्टिक आहार खीर र खिचडी) को दररेट पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२।०३।०८**

कल्याणपुर नगरपालिका, सिरहामा चालू आ.व. २०८१/०८२ को प्रदेश सरकार विशेष अनुदान प्राप्त कार्यक्रम तर्फ गर्भवती तथा सुत्केरीका लागि तयारी पौष्टिक आहार (ready to eat nutrition food खीर र खिचडी) वितरण गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८५ को उपनियम १ (क) मा भएको व्यवस्था बमोजिम राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी बिक्री मूल्य तोकेको तयारी पौष्टिक आहार (Ready to eat nutrition food खीर र खिचडी) उत्पादन गर्ने नेपाली उत्पादक कम्पनीहरूलाई तपसिलमा उल्लिखित कागजातहरू संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा आइपुग्ने गरी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

**तपसिल :**

- कम्पनी/उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि।
- आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- सूचना प्रकाशन गरी बिक्री मूल्य तोकेको राष्ट्रिय स्तरको समाचार पत्रको सक्कल प्रति।
- प्रस्तावित तयारी पौष्टिक आहार ready to eat nutrition food खीर र खिचडीको नमूना।
- तयारी पौष्टिक आहार (खीर र खिचडी) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट गुणस्तर परीक्षण गरी जारी गरिएको गुणस्तर प्रमाण पत्रको प्रमाणित प्रतिलिपि तथा ISO, HACCO, GMP certified भएको प्रमाणित प्रतिलिपि।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३ख) बमोजिम त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रिय स्तरको समाचार पत्रमा प्रकाशन गरेको तथा त्यस्तो उत्पादकले स्थानीय डिलरलाई दिए सरहको छुट सहितको दररेट उल्लेख भएको हुनुपर्नेछ।
- यस सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४, र अन्य प्रचलित नियम कानुन अनुसार हुनेछ।
- यस सम्बन्धी थप अन्य कुरा बुझ्न आवश्यक परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# दीपेन्द्र बने सर्वाधिक टी-२०आई खेल्ने खेलाडी




**काठमाडौं/मस**-नेपाली क्रिकेट टोलीका अलराउण्डर दीपेन्द्रसिंह ऐरी नेपालका लागि सबैभन्दा धेरै टी-२०आई खेल खेल्ने खेलाडी बनेका छन् ।

शुक्रबार स्कटल्याण्डसँगको खेल उनको ८२औं थियो जुन् नेपाली क्रिकेट खेलाडीका लागि सर्वाधिक हो । त्यस खेलअघि करण केसी र दीपेन्द्रसिंह ऐरी समान ८१ खेल खेलेका थिए ।

तर शुक्रबारको खेलमा करण ड्रप भएकाले दीपेन्द्र एकल रूपमा सबैभन्दा धेरै खेल खेल्ने खेलाडी बनेका हुन् । उनीभन्दा पछाडि करणले ८१ खेल र सोमपाल कामीले ७८ खेल खेलेका छन् । अन्य खेलाडीको खेल संख्या ७० भन्दा तल छ ।

दीपेन्द्रले ८२ खेलमा ३३.१४ को औसत र १४१ को स्ट्राइक रेटसहित १८२३ रन बनाएका छन् । उनको नाममा १ शतक र ९ अर्धशतक छ । उनले ५२ विकेट पनि लिएका छन् ।

उनको नाममा केही कीर्तिमान पनि बनेको छ । उनले कहिल्यै तोडिन नसक्ने ९ बलमा अर्धशतक बनाएका छन् जुन् बराबर मात्र हुन सक्छ । त्यस्तै टी-२० आईमा एकै ओभरको ६ बलमा ६ छक्का प्रहार गर्ने कमै खेलाडीको सूचीमा दीपेन्द्र पनि छन् ।

# नेपालमै पहिलो पटक बिच रग्बी प्रतियोगिता हुने




**काठमाडौं/मस**-बागमती बिच महिला रग्बी प्रतियोगिताको पहिलो संस्करण असारको दोस्रो साता हुने भएको छ ।

नेपालमा पहिलो पटक बिच रग्बी प्रतियोगिता हुन लागेको हो । नेपाल रग्बी संघको आयोजना र बागमती प्रदेश रग्बी संघको व्यवस्थापनमा सिन्धुपाल्चोकको सुकुटे बिचमा प्रतियोगिता हुने छ ।

प्रतियोगिता ८ र ९ असारमा हुनेछ । ट्याग रग्बी फरम्याटको आधारमा प्रतिस्पर्धा हुने यस प्रतियोगिताको टेक्निकल हेड श्रीराम श्रेष्ठले जानकारी दिए ।

अन्तर्राष्ट्रिय ओलम्पिक दिवसको अवसरमा प्रतियोगिता हुन लागेको नेपाल रग्बी संघका कोषाध्यक्ष तथा प्रवक्ता दीपक अधिकारीले जानकारी दिए । बिच रग्बी विश्वकप हुने गरी नेपालमा भने पहिलो पटक यस किसिमको प्रतियोगिता हुन लागेको हो ।

संघका कोषाध्यक्ष अधिकारीले प्रतियोगितालाई मनोरञ्जन र उत्साहपूर्ण प्रतिस्पर्धाको रूपमा अगाडि बढाइएको उल्लेख गरे । राष्ट्रिय खेलकुद परिषद् (राखेप) र बागमती प्रदेश खेलकुद विकास परिषद्को सहयोगमा हुने प्रतियोगितामा कुल ६ टोलीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा कर्णाली, बागमती र मधेस प्रदेशले सहभागिता जनाउनेछन् ।

राष्ट्रिय स्तरका क्लब गोर्खाली रग्बी क्लब, नेपाल महिला रग्बी क्लब र सिन्धुपाल्चोक रग्बी क्लब गरी ६ महिला टोलीले प्रतिस्पर्धा गर्न लागेका हुन् । हरेक टोलीमा कुल ६ खेलाडी रहने बागमती प्रदेश रग्बी संघकी अध्यक्ष बिनु खड्काले जानकारी दिइन् । एउटा टोलीबाट ५ जना खेलाडी मात्र प्रतिस्पर्धामा सहभागी गराउन पाउनेछन् ।

प्रतियोगिताको विजेताले ट्रफी र मेडल पुरस्कार पाउनेछ । बेस्ट प्लेअर र राइजिङ प्लेअरलाई पनि पुरस्कृत गर्ने बागमती प्रदेश रग्बी संघकी अध्यक्ष बिनुले बताइन् । प्रतियोगिता सञ्चालन गर्न १३ लाख रूपैयाँ खर्च लाग्नेछ । एसिया रग्बीको बिल्डिङ अ ग्रिनरी फ्युचर थ्रु रग्बी एन्ड सस्टेएबेलिटीअनुसार ए ट्राइ ए ट्रीअनुरूप हरेक ट्राइबापत एक बिरूवा रोप्ने संघकी महिला विभाग प्रमुख एलिसा थापाले जानकारी दिइन् ।

# बडिबिल्डिङ च्याम्पियनका विजेतालाई पुरस्कार प्रदान




**काठमाडौं/मस**- प्रधानमन्त्री केपी शर्मा ओलीले 'फस्ट मिस्टर महानगर बडिबिल्डिङ च्याम्पियनसिप' का विजेतालाई पुरस्कार प्रदान गरेका छन् ।

काठमाडौं महानगरपालिका-२२ को आयोजनामा भएको प्रतियोगितामा प्रथम हुने खेडाली कृष महर्जनलाई प्रधानमन्त्री ओलीबाट ५ लाख नगद र ट्रफीसहितको पुरस्कार प्रदान गरिएको हो । नेपाल शारिरीक सुगठन तथा फिटनेसको सहकार्यमा भएको कार्यक्रममा पछिल्ला अन्तर र्राष्ट्रिय शारिरीक सुगठन खेल प्रतियोगिताका विजेता, खेल क्षेत्रको विकासका योगदानदाताहरुलाई सम्मान गरिएको थियो ।

प्रधानमन्त्री ओलीले स्वस्थ्य रहनु जीवनको ठुलो सम्पति रहेकाले शारिरीक सुगठनले स्वस्थ्य जीवनका लागि योगदान दिने बताउँदै सरकारको स्वास्थ्य नीतिको मूल नीति निरोगी नेपाल भएकाले आरोग्यताका लागि सबैले ध्यान दिर्नुपर्नेमा जोड दिए ।

# एनपीएल २०२५ का लागि सुदूरपश्चिमद्वारा ६ खेलाडी रिटेन




**काठमाडौं/मस**-नेपाल प्रिमियर लिग (एनपीएल)को पहिलो सिजनको उपविजेता सुदूरपश्चिम रोयल्सले आगामी सिजनका लागि ६ जना खेलाडी रिटेन गरेको छ । रोयल्सले शनिबार रिटेन गरिएका खेलाडीको सूची जारी पनि गरेको छ । रिटेन हुने खेलाडीमा मार्की खेलाडीका रूपमा कप्तान दीपेन्द्रसिंह ऐरी, विनोद भण्डारी, आरिफ शेख, अविनाश बोहरा, ईशान पाण्डे र नरेन साउद छन् । यस्तै रोयल्सले ६ जना खेलाडीलाई रिलिज गरेको पनि जनाएको छ ।

# टाइम्स बास्केटबल क्लबलाई एचजेबीएलको उपाधि




**काठमाडौं/मस**-हिमालयन जाभा बास्केटबल लिग (एचजेबीएल) को उपाधि टाइम्स बास्केटबल क्लबले जितेको छ ।

लगनखेलस्थित नेपाली सेना शारीरिक तालिम तथा खेलकुद केन्द्रमा शनिबार भएको फाइनलमा गोल्डेनगेटललाई ८०-७२ ले हराएर टाइम्स च्याम्पियन बनेको हो ।

सुरुबाटै टाइम्सले खेलमा डोमिनेट गरेको थियो । पहिलो क्वाटरमा टाइम्सले २०-८ को अग्रता बनायो । दोस्रो क्वाटरमा गोल्डेनगेटले पुनरागमन गरेको थियो । दोस्रो क्वाटर गोल्डेनगेटले १९-१४ ले आफ्नो पक्षमा पारेपनि हाफ टाइमसम्म टाइम्सले नै ३४-२७ को अग्रता बनाएको थियो ।

तेसो क्क्वाटर २६-२१ ले आफ्नो पक्षमा पारेपछि टाइम्सले अन्तिम क्वाटरअघि ६०-४८ को अग्रता बनाएको थियो । चौथो तथा अन्तिम क्वाटर निकै रोमाञ्चक बन्यो । चौथो क्वाटरमा गोल्डेनगेटले फेरि पुनरागमन गर्दै २४-२० ले आफ्नो पक्षमा पारेको थियो । तर टाइम्सलाई रोक्न सकेन र टाइम्स ८ अंक अन्तरले च्याम्पियन बन्यो ।

सदिश प्रधान फाइनल खेलको मोस्ट भ्यालुएबल प्लेअर घोषित भए । यसअघि लिग चरणमा पहिलो खेलमै टाइम्सले गोल्डेनगेटलाई पराजित गरेको थियो भने त्यसपछि दोस्रो चरणमा गोल्डेनगेटले टाइम्सलाई हराएर बदला लिएको थियो ।

लिग चरणमा शीर्ष दुई स्थानमा रहेर गोल्डेनगेट र टाइम्सले फाइनलमा स्थान बनाएका थिए ।

शनिबार नै तेस्रो स्थानको लागि भएको खेलमा हाउण्ड्स एकेडेमीले कीर्तिपुरलाई ८०-७५ ले पराजित गरेको छ । यस्तै फाइनलअघि सेलेब्रेटी र ईन्ट्रपेनरबीच म्याच भएको थियो । जसमा ईन्ट्रपेनरले सेलेब्रेटी टिमलाई २३-२१ ले हरायो ।

नेपाल बास्केटबल संघ (नेबा) को आयोजना तथा हिमालयन जाभाको मुख्य प्रायोजनमा भएको लिगमा कूल ६ टोलीले सहभागिता जनाएका थिए ।

पहिलो पटक विकेण्ड कन्सेप्टमा आयोजना गरिएको लिग डबल राउण्ड रोबिनको आधारमा खेलाइएको थियो ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/०८**

**कालिका माता एकेडेमी प्रा.लि** को मिति २०८२/०२/२८ गतेको निर्णय अनुसार साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने करदायित्व आदि सबै परिवर्तित कम्पनीले व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **टिकापुर चैतन्य पाठशाला प्रा.लि (द.नं. १४३५३३/७२/७३)** कायम गर्ने गरी मिति २०८२/०२/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**युएईमा रोजगार** कम्पनीः SELECTIVE MANPOWER SERVICES L.L.C. शहरः UAE,DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०२/२१ चलानी नं.: ६०२३९८९० L.T. No.: 325031

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 100 | 0 | स. काममा दक्ष | 1100 | ४१,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १५ गते (29 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Al Secure Manpower Recruitment P. Ltd. श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070417 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

**Qatar मा रोजगार** Alfred Talke Logistic Services Qatar LLC पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८२/२/१४ चलानी नं.: ६०२३८६४३ LT No. 324738

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver Road Mechanism | 15 | 0 | कामामा दक्ष | 1900 | ७२,३००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Human Resources Clerk | 0 | 2 | | 3000 | १,१४,१५७।- | | | | | | | |
| ३. | Labour | 20 | 0 | | 1000 | ३८,०००।- | | | | | | | |

यसै कम्पनीको लागि Safety Officer (GCC) (Experience in Oil and Gas) को पनि आवश्यक भएको हुनाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ असार १५ गते (29 June, 2025) यस प्रा. लि. कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ ।

क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि. श्रम इजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा-०९, काठमाडौं, फोनः ०१-४५५९७७२, ४९८४१९०, ४९८४१९१
देबी प्रसाद अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com "Real Happiness Lies in Making Other Happy"

**युएईमा रोजगार** कम्पनीः RELIABLE EMPLOYMENT SERVICES शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०६/११ चलानी नं.: ६०२२५९२९ L.T. No.: 311467 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Electrician | 2 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |
| 3. | Scaffolder | 3 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |
| 4. | Steel Fixer/rod Binder | 3 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १५ गते (29 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

गोल्डेन इगल मेनपावर प्रा. लि.
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोनः ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com
श्रम इजाजत नं.: ३९१/०५९/०६०

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, अमरगढी शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०३/०८ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ फागुन महिना २६ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल बैशाख २३ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखाहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| क्र.सं. | ऋणीहरूको नाम र ठेगाना : |
|---|---|
| १ | प्रताप सिंह विष्टको नाती, हरिलाल विष्टको छोरा, बैतडी जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ९ बस्ने **गगन सिंह विष्ट...१** तथा राम सिंह भण्डारीको छोरी, जय देव विष्टको श्रीमती, कैलाली जिल्ला, धनगढी उ.म.न.पा./गा.वि.स. वडा नं. ३ बस्ने **दुर्गा देवी विष्ट...१ समेत गरी २** |
| २ | प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बैतडीमा उद्योग दर्ता नं. २५२७/२०७८/७९ कायम भई मिति २०७८/०९/०७ मा दर्ता भएको बैतडी जिल्ला, पाटन न.पा. वडा नं. ८ स्थित **श्री हरिहर प्लाजा...१** |
| ३ | नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य कार्यालय, बैतडीमा प्रा.फ.र.नं. ७४५/१३८/०७०/७१ कायम भई मिति २०७०/०९/०३ मा दर्ता भएको बैतडी जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ९ स्थित **जय बाबा कांकर वासी ट्रेडर्स...१** |
| ४ | प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, बैतडीमा प्रा.फ.नं. १३५८/०७७/०७८ कायम भई मिति २०७७/०४/२१ मा दर्ता भएको बैतडी जिल्ला, पाटन न.पा. वडा नं. ८ स्थित **सुन्दरी कृषी तथा पशुपंक्षी पालन वहुउदेशीय फर्म...१** |
| **ऋणी १, २, ३ र ४ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | गगन सिंह कुँवरको छोरी, गगन सिंह विष्टको श्रीमती, बैतडी जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ९ बस्ने **सुन्दरी विष्ट...१** |
| २ | हरिलाल विष्टको नाती, जय देव विष्टको छोरा, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ३ बस्ने **नविन विष्ट...१** |
| ३ | हरिलाल विष्टको नातिनी, जय देव विष्टको छोरी, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ३ बस्ने **पुजा विष्ट...१** |
| ४ | हरिलाल विष्टको नातिनी, गगन सिंह विष्टको छोरी, बैतडी जिल्ला, पाटन न.पा. वडा नं. ८ बस्ने **पुष्पा विष्ट...१** |
| **ऋणी २, ३ र ४ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | प्रताप सिंह विष्टको नाती, हरिलाल विष्टको छोरा, बैतडी जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ९ बस्ने **गगन सिंह विष्ट...१** |
| २ | राम सिंह भण्डारीको छोरी, जय देव विष्टको श्रीमती, कैलाली जिल्ला, धनगढी उ.म.न.पा./गा.वि.स. वडा नं. ३ बस्ने **दुर्गा देवी विष्ट...१** |
| **ऋणी १ को संस्थागत जमानतकर्ताहरूको नाम र ठेगाना :** | |
| १ | नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य कार्यालय, बैतडीमा प्रा.फ.र.नं. ७४५/१३८/०७०/७१ कायम भई मिति २०७०/०९/०३ मा दर्ता भएको बैतडी जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ९ स्थित **जय बाबा कांकर वासी ट्रेडर्स...१** |
| २ | प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, बैतडीमा प्रा.फ.नं. १३५८/०७७/०७८ कायम भई मिति २०७७/०४/२१ मा दर्ता भएको बैतडी जिल्ला, पाटन न.पा. वडा नं. ८ स्थित **सुन्दरी कृषी तथा पशुपंक्षी पालन वहुउदेशीय फर्म...१** |
| **ऋणी १, २, ३, र ४ को धितो सुरक्षणको विवरण :** | |
| १ | **गगन सिंह विष्टको** नाममा मालपोत कार्यालय बैतडीमा दर्ता श्रेस्ता कायम रहेको बैतडी जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ०९ (नक्सा सिट नं. ९) को कित्ता नं. ६०४ को ३-६-१-३ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २ | **गगन सिंह विष्टको** नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा./गा.वि.स. वडा नं. ०३ (नक्सा सिट नं. ०२७०६४६१) को कित्ता नं. ५१ को ३३८.६३ व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ३ | **गगन सिंह विष्टको** नाममा मालपोत कार्यालय बैतडीमा दर्ता श्रेस्ता कायम रहेको बैतडी जिल्ला, सिद्धेश्वर गा.वि.स/न.पा. वडा नं. ८ (नक्सा सिट नं. ८) को क्रमशः कित्ता नं. १०५२, १०५४, १०८६, १०८८ र १०९० को क्रमशः ३-९-१-०, २-१-१-१, ०-९-३-०, ०-३-०-२ र ३-१-३-२ (रो-आ-पै-दा) क्षेत्रफल र (नक्सा सिट नं. ०१५१४९१) को कित्ता नं. १०८२ को क्रमशः ५-६-२-३ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ४ | **दुर्गा देवी बिष्टको** नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा./गा.वि.स. वडा नं. ०३ (नक्सा सिट नं. ०२७०६८७१) को कित्ता नं. ८३४ को ३७४.६८ व.मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ५ | **नविन विष्टको** नाममा मालपोत कार्यालय बैतडीमा दर्ता श्रेस्ता कायम रहेको बैतडी जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ०९ (नक्सा सिट नं. ९) को कित्ता नं. १२१२ को ०-९-१-३ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ६ | **दुर्गा देवी विष्टको** नाममा मालपोत कार्यालय बैतडीमा दर्ता श्रेस्ता कायम रहेको बैतडी जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ०९ (नक्सा सिट नं. ९) को कित्ता नं. १३१० को २-८-२-१ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा अमरगढी शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, राजश्व, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल आषाढ महिना २२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल आषाढ महिना २४ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



# साहसिक पर्यटनका लागि नेपाल उत्तम गन्तव्य

**नवराज खड्का**
सञ्चालक, ड्रिम हिमालय ट्रेक एण्ड एक्सिपिडिसन

विदेशी पैसा आर्जन गर्नका लागि पर्यटन व्यवसाय सबैभन्दा उपयुक्त माध्यम हो । प्राकृतिक, सांस्कृतिक र भौगोलिक अवस्थाको कारण समेत पर्यटकीय गन्तव्यको मुलुक नेपाल हो भन्न सकिन्छ । पर्यटन व्यवसायले देशको अर्थतन्त्र, व्यवसाय र रोजगारीको क्षेत्रमा महत्वपूर्ण भूमिका योगदान दिएको छ । प्रस्तुत छ, नेपालमा पर्यटन क्षेत्रको व्यावसायिक सम्भावना र अवसरको विषयमा युवा पर्यटन व्यवसायी **नवराज खड्का**सँग मध्यान्हका **छबि सापकोटा**ले कुराकानी ।

**नेपालमा पर्यटन व्यवसायको अवस्था कस्तो छ ?**

नेपाल पर्यटन व्यवसायको सम्भावना नै सम्भावना भएको क्षेत्र हो । पर्यटन आगमन बढ्ने हो भने नेपाल पर्यटक व्यवसायको हब बन्ने निश्चित छ । विश्वका ८ हजार मिटरभन्दा अग्ला हिमाल १४ वटा मध्ये सगरमाथासहित ८ वटा नेपालमा मात्रै छन । हाम्रा हिमाल नै नेपाली पर्यटन व्यवसायीको लागि वरदान हो । नेपालमा आउने पर्यटकलाई नेपालका हिमालको फेदीसम्म पुऱ्याउने हो भने पर्यटक व्यवसायको लागि राम्रो अवसर हो ।

प्राकृतिक सम्पदाले भरिपूर्ण नेपालको पर्यटन व्यवसाय कोरानोको बेलामा थला नै पऱ्यो । कोभिडको बेला पर्यटन व्यवसायीलाई परेको पीडा सरकारले देखेन । कोभिडको कारण समस्यामा परेर कतिपय व्यवसायी पलायन नै हुनु पर्ने अवस्था थियो । तर, पछिल्लो दुई वर्षदेखि पर्यटन क्षेत्रले लय समातेको छ । बिस्तारै तंग्रिँदै गर्दा पर्यटन व्यवसायीमा केही उत्साह थपिँदै गएको छ ।

अहिले कोभिड अगाडीकै अवस्था पर्यटन क्षेत्र आइसकेको अवस्था छ । सरकारले अन्तर्राष्ट्रिय रुपमा नेपालको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्ने कार्यक्रम गर्ने हो भने नेपालमा पर्यटकको आगमन बढ्ने देखिन्छ ।

**पर्यटन व्यवसायीको लागि नेपालमा अवसर कति छ ?**


नेपाल पर्यटन व्यवसायीको लागि आगामी दिन निकै राम्रो देखिन्छ । अहिले जसरी नेपालमा विदेशी चेन होटलको रूपमा आएको पाँचतारे होटल निमार्णले समेत आगामी दिनमा भिआईपी पर्यटकको आगमन बढ्ने देखिन्छ । पर्यटक लक्षित होटल धमाधम देशैभर खुलिरहेका छन् । पर्यटक उद्योगमा लगानी बढीरहदा आगामी दिन पर्यटन आगमन बढ्ने नै देखिन्छ ।

पर्यटक आकर्षण गर्न लागि अहिले स्थानीय सरकारले समेत आफ्ना पर्यकीय क्षेत्रको प्रवर्द्धन गरिरहेका छन् । नेपाल विशाल दुई छिमेकी मुलुक भारत र चीनको बीचमा हुँदा पर्यटक ल्याउन निकै सहज छ । भारतीय पर्यटकको लागि हाम्रा धार्मिक स्थल छन् भने चिनियाँ पर्यटकको लागि बुद्धको जन्मस्थल छ । छोटो समयको लागि दुवै देशबाट नेपालमा पर्यटक आइरहेको अवस्था समेत छ ।

अब पर्यटकको बसाई लम्बाउने कार्यक्रम गर्न सक्ने हो भने नेपालले अरु क्षेत्रबाट भन्दा पर्यटन क्षेत्रबाट छिटो लाभ लिन सक्छ । हाम्रो देशलाई प्रकृतिले नै धेरै नै दिएको छ तर, सरकारमा नेतृत्व गर्नेले आफनो देशको महत्व बुझ्न नसक्दा देश पछि परेको हो । देशलाई आर्थिक समृद्ध बनाउने तर्फ लैजाने हो भने पर्यटन क्षेत्रको विकास गर्न आवश्यक छ ।

**नेपाल छोडेर विदेश जानेको संख्या बढीरहादा किन नेपालमा अवसर देखेनन् ?**

नेपालमा काम गर्नेका लागि अवसर नै अवसर छ । तर, सरकारको भूमिका कमजोर हुँदा युवामा विचलन आइरहेको छ । युवा जनशक्ति पलायन हुँदै गर्दा सरकारले सम्भावनाको बाटो देखाउन नसकेकै हो । तर, अहिले जसरी पढे लेखेका व्यक्तिमा समेत विदेश मोह देखिएको छ त्यसले नेपालको आर्थिक विकास नै पछि पार्न सक्छ ।



नेपालमा सम्भावना र अवसर चिन्न नसक्दा नेपालमा राम्रो व्यवसाय गरेकाहरू विदेश गइरहेका छन् तर उनीहरू त्यहाँ पनि सन्तुष्टि छैनन् । मोटो रकम लगानी गरेर विदेश गइरहेका छन् त्यहाँ पनि सोचे जस्तो काम छैन भन्नेको संख्या धेरै छ । जसरी अहिले युवाहरू विदेश जानका लागि लाखौं खर्च गर्न तयार छन् त्यसरी नै नेपालमा सानो भएपनि पर्यटनसँग सम्बन्धित व्यवसाय गर्ने हो भने पनि स्वदेश मै बसेर विदेशमा भन्दा राम्रो गर्न सकिन्छ ।

**नेपालमा पर्यटक आगमन बढाउन के गर्नु पर्छ ?**

नेपालमा आउने हरेक पर्यटक नेपालको प्राकृतिक सौन्दर्यताबाट मोहित हुने गरेका छन् । पर्यटकलाई नेपालको कुनै पनि स्थानमा गर्ने स्वागत संस्कारले पर्यटन उद्योगलाई धेरै नै फाइदा गरिहेको छ । नेपालको सांस्कृतिक सम्पदा, नदीनाला, हिमाल, ताल, ट्रेकिङ क्षेत्रमा पर्यटकहरू धेरै नै रमाइरहेको पाउँछौं । निजी क्षेत्रले पर्यटन व्यवसायमा लगानी गरेका छन् तर, सरकारको भूमिका अझै पनि कम छ । पर्यटनसँग सम्वन्धित निकायले पर्यटनमैत्री नीतिमा ध्यान नदिँदा केही समस्या छ ।

सरकारले आन्तरिक पर्यटक प्रवर्द्धनको लागि दुई दिने विदा दिने चर्चाले पर्यटन व्यवसायी उत्साहित थिए तर, त्यो कार्यान्वयनमा आउन सकेको छैन । यस्तै पर्यटन पूर्वाधारको विकास निकै नै कमजोर छ । पर्यटकीय गन्तव्यसम्म पुग्ने पुर्वाधार निर्माण ढिलाई हुँदा त्यसको असर पर्यटक आगमनमा हुने गरेको छ । तर, पछिल्लो समय संघ, प्रदेश र स्थानीय सरकारहरूले समेत पर्यटकीय गन्तव्यका लागि बजेट विनियोजन गर्ने काम गरिरहेका छन् । हाम्रा पर्यटकीय गन्तव्यलाई अझै विकास गर्ने हो भने नेपालमा पर्यटन व्यवसाय फस्टाउने देखिन्छ ।

**अन्त्यमा, नेपाल आउने पर्यटकको रोजाई केमा धेरै छ ?**

नेपाल आउने भारतीय पर्यटकहरू विषेशगरी धार्मिक पर्यटकका रूपमा आइरहेका छन् भने भारत बाहेकका पर्यटकहरू भने साहसिक पर्यटन तर्फ केन्द्रित भएको देखिन्छ । साहसिक पर्यटकीय गतिविधि पछिल्लो समय नेपालमा बढीहरेको छ । हिमाल आरोहण, बञ्जी जम्प, जिपलाइन, ऱ्याफ्टिङ, जंगल सफारी, प्याराग्लाइडिङ, एडभेञ्चर राइडिङ, क्यानोनिङ जस्ता क्षेत्र साहसिक पर्यटकको रोजाइमा पर्ने गरेका छन् ।

नेपाल आउने अधिकांश पर्यटकमा हिमाली र पहाडी पदयात्रा धेरै आकर्षण देखिन्छ । अन्नपूर्ण पदमार्ग, भोटेकोशी र त्रिशुलीमा ऱ्याफ्टिङ जस्ता विषयमा पर्यटकले रोजाई गर्ने गरेको छन् । नेपाल वातावरण र प्राकृतिक हिसाबले सुन्दर मुलुक नै हो । नेपाल आउने जो केही मोहित हुने गर्छन् । नेपाल आउँदा छोटो समयको बिदामा आउने पर्यटक धेरै हुन्छन् तर, नेपाल आएपछि समय कम हुँदा पर्यटकहरू दोस्रो पटक फेरि आउने गरेको पाइन्छ ।

## सकियो १० मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफल



**काठमाडौं/मस** – प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८२ अन्तर्गत विभिन्न १० वटा मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफल सम्पन्न भएको छ । शनिबार संघीय मामिला तथा समान्य प्रशासन, ऊर्जा, जलस्रोत तथा सिँचाइ, रक्षा, स्वास्थ्य तथा जनसंख्या, खानेपानी, शिक्षा, विज्ञान तथा प्रविधि, परराष्ट्र, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, गृह र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका विनियोजन विधेयकमाथिका विभिन्न शीर्षकमा छलफल भएको हो ।

छलफलमा सांसदहरू डा चन्द्रकान्त भण्डारी, सुनिता बराल, देवेन्द्र पौडेल, रमा कोइराला पौडेल, भगवती चौधरी, मिना तामाङ, लालप्रसाद साँवा लिम्बु, विमला सुवेदी, दीपा शर्मा, देवप्रसाद तिमिल्सिना, नागिना यादव, सराज अहमद फारुकी, कान्तिका सेजुवाल, हितराज पाण्डे दिनेशकुमार यादव, नारायणप्रसाद आचार्य, शान्ति विक र हृदयराम थानी सहभागी भएका थिए ।

सभामुख देवराज घिमिरेले विनियोजन विधेयकअन्तर्गत विभिन्न मन्त्रालय र सचिवालयको विनियोजन शीर्षकमाथिको छलफल र सम्बन्धित मन्त्रीको जवाफका लागि यही असार ८, ९ र १० गतेका लागि समय निर्धारण गरिएको जानकारी गराए । सभामुखले प्रतिनिधिसभाको भोलिको बैठकमा युवा तथा खेलकुद, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, अर्थ र सहरी विकास मन्त्रालय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रपतिको कार्यालय र उपराष्ट्रपतिको कार्यालयसँग सम्बन्धित विनियोजन शीर्षकमाथि छलफल हुने बताए । प्रतिनिधिसभाको अर्को बैठक यही असार ८ गते बिहान ११ बजे बस्नेछ ।

## वीरगञ्ज नाकाबाट २ हजार ३८५ ईभी आयात



**वीरगञ्ज/मस** – वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको ११ महिनामा एक अर्ब ८४ करोड २३ लाख मूल्य पर्ने साना-ठूला दुई हजार ३८५ विद्युतीय सवारीसाधन (ईभी) आयात भएको छ । वीरगञ्ज भन्सार कार्यालयले चालु आवमा विद्युतीय सवारीसाधनको आयातबाट एक अर्ब ८४ करोड २७ लाख राजस्व संकलन गरेको जनाएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा विद्युतीय सवारीसाधनको आयात बढेको बताए । 'यो नाका हुँदै विद्युतीयभन्दा पनि इन्धनबाट चल्ने धेरै सवारीसाधन आयात हुने गर्छ', उनले भने, 'विद्युतीय सवारीसाधनको आयात पनि औषतमा सन्तोषजनक नै छ ।'

चालु आवको ११ महिनामा ५० किलोवाट क्षमताका २७ करोड ११ लाख मूल्यका १९३ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । त्यस्तै गरी सोही अवधिमा ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका १३ करोड ४२ लाख मूल्य पर्ने ५० वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ ।

त्यस्तै, १०० एक किलोवाटदेखि २०० किलोवाट क्षमताका २४ करोड ७५ लाख मूल्यका ३६ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । यो नाका हुँदै ४० करोड ७८ लाख मूल्य पर्ने एक हजार ७०० एक वटा विद्युतीय मोटरसाइकल आयात भएको छ ।

## सुदूरपश्चिम प्रदेश सरकारद्वारा ४२ प्रतिशत बजेट खर्च




**कैलाली/मस** – सुदूरपश्चिम प्रदेश सरकारले कूल विनियोजित बजेटको ४२ दशमलव २७ प्रतिशत बजेटमात्रै खर्च गरेको छ । चालु आव २०८१/८२ को साउनदेखि जेठ मसान्तसम्मको ११ महिनाको अवधिमा प्रदेश सरकारले कूल विनियोजित बजेटको ४२ दशमलव २७ प्रतिशत अर्थात् १३ अर्ब ३३ करोड चार लाख खर्च गरेको हो ।सो अवधिमा प्रदेश सरकारले चालुतर्फ छ अर्ब ९७ करोड दुई लाख र पुँजीगततर्फ छ अर्ब ३६ करोड दुई लाख खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख वासुदेव जोशीले जानकारी दिए । उनकाअनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी पाँच अर्ब ७९ करोड ३३ लाख बजेट खर्च गरेको छ ।

सामाजिक विकास मन्त्रालयले दुई अर्ब ८६ करोड ७३ लाख, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ९९ करोड ६७ लाख र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ९२ करोड ७६ लाख खर्च गरेको उनले जानकारी दिए । कार्यालय प्रमुख जोशीका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १६ करोड ७५ लाख, आर्थिक मामिला मन्त्रालयले ११ करोड ९२ लाख र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पाँच करोड २१ लाख खर्च गरेको छ ।

त्यस्तै, प्रदेश व्यवस्थापिकाले १३ करोड ४१ लाख, प्रदेश नीति तथा योजना आयोगले दुई करोड ११ लाख र प्रदेश लोकसेवा आयोगले ४४ लाख खर्च गरेको उनले जानकारी दिए ।

## टेस्लाले चीनमा ऊर्जा भण्डार निर्माण गर्ने



एजेन्सी । अमेरिकी कार निर्माता कम्पनी टेस्लाले शुक्रबार चिनियाँ साझेदारहरूसँग मिलेर सांघाइमा मेगाप्याक ऊर्जा भण्डारण ब्याट्री प्रयोग गरी ग्रिडको लागि ऊर्जा भण्डारण स्टेशन बनाउने सम्झौता गरेको छ । कुल ४ अर्ब युआन (लगभग ५५६ मिलियन अमेरिकी डलर) को लगानीमा भएको यो परियोजनाले टेस्लालाई चीनको तेजीसँग बढिरहेको ऊर्जा भण्डारण बजारमा प्रवेश गर्ने मौका दिएको हो । यसले चीनको विशाल विद्युत ग्रिडसँग जोडिने सम्भावना पनि बढाएको छ, जुन संसारकै सबैभन्दा ठूलो विद्युत ग्रिड हो ।

यो गिगावाट-घण्टा स्तरको ऊर्जा भण्डारण स्टेशन चीनको सांघाइको लिङगाङ विशेष क्षेत्र, चिनियाँ अन्तर्राष्ट्रिय मुक्त व्यापार क्षेत्र (पाइलट फ्री ट्रेड जोन) मा निर्माण हुनेछ । यस सम्झौता अनुसार, टेस्ला, लिङगाङ विशेष क्षेत्रको प्रशासनिक समिति, सांघाइको फेंगसियान जिल्लाको सरकारी निकाय र चिनियाँ काङफु इन्टरनेशनल लीजिङ कम्पनी लिमिटेडले भाग लिएका छन् ।

यो टेस्लाको पहिलो ग्रिड साइड ऊर्जा भण्डारण स्टेशन हुने भएकाले यसले चीनको मुख्य भूमिमा स्थापना हुने पहिलो यस्तो परियोजना हो । टेस्लाका चीनका ऊर्जा व्यवसायका महाप्रबन्धक डोंग कुनले भने, 'यस स्टेशनले एकपटक सञ्चालनमा आएपछि, यसले बिजुलीको स्पट ट्रेडिङमा सहभागी भएर स्थानीय ग्रिडमा चरम र कम आवश्यकताहरू बीच सन्तुलन कायम गर्न मद्दत गर्नेछ, जसले ग्रिडको स्थिरता बढाउँछ ।'

यसैबीच, टेस्लाले चीन काङफुसँगको सहकार्यलाई अझ विस्तारित गरी विश्वव्यापी रुपमा शुन्य-कार्बन ऊर्जा समाधानहरू ल्याउने योजना बनाएको छ । यस वर्षको फेब्रुअरीमा, टेस्लाको नयाँ मेगाफ्याक्ट्री लिङगाङ विशेष क्षेत्रमा सुरु भएको थियो, जुन यसको दोस्रो प्लान्ट हो र यसले मेगाप्याक ब्याट्री उत्पादन गर्न थालेको छ । टेस्लाले २०२५ मा ऊर्जा भण्डारणको डिप्लोयमेन्टमा वार्षिक ५० प्रतिशत वृद्धि अपेक्षा गरेको छ ।

## हङकङका व्यवसायीले मागे रेमिट्यान्स पठाउन आधिकारिक वित्तीय संस्था




काठमाडौं/मस – हङकङका व्यवसायीहरूले रेमिट्यान्स पठाउन आधिकारिक वित्तीय संस्था स्थापनाको माग गरेका छन् । हङकङ तथा मकाउका लागि नवनियुक्त महावाणिज्य दूत डा. विन्देश्वरप्रसाद लेखकसँग नेपाल चेम्बर अफ कमर्स हङकङको प्रतिनिधिमण्डलले स्वागत भेट गरी हुन्डीमार्फत् कारोवार हुँदा नेपालमा रहेका रेमिट्यान्स कम्पनीसँगै राजस्वमा असर परेको भन्दै सचेत गराएको छ ।

सो अवसरमा नेपाल चेम्बर अफ कमर्स हङकङका अध्यक्ष शशी मदन राईले नेपाल र हङकङबीचको आर्थिक सम्बन्ध थप बलियो बनाउने र दुबै पक्षका व्यवसायीहरूलाई सहज व्यापारका लागि प्रोत्साहन आवश्यक रहेको बताए । उनले नेपाली नागरिक र व्यवसायीहरूको हङकङ प्रवेश सहजीकरणका लागि ध्यानाकर्षण गराए । व्यवसायीहरूले आपतकालीन अवस्थामा नेपाली नागरिकलाई कसरी सहायता गर्ने भन्ने विषयमा दूतावास र निजी क्षेत्र मिलेर काम गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

महावाणिज्य दूत डा. लेखकले आफू जनसेवक र सरकारको प्रतिनिधि भएक कारण इमान्दार पूर्वक अभिभावकीय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए । आफूले गर्न सक्ने काम तत्काल गर्ने र अरू माग सम्बन्धित निकायहरूमा पुऱ्याउने आश्वासन दिँदै महावाणिज्यदूत लेखकले रचनात्मक सुझाव र सहयोगका लागि आफ्नो कार्यालय चौबीसै घण्टा खुल्ला रहेको बताए ।

भेटमा संस्थाका संरक्षक दासुराम पराजुली, सल्लाहकार राजेश भीमसरिया, उपाध्यक्ष धिराजकुमार साम्पाङ राई, महासचिव डेनी वरदान गुरूङ, सचिव प्रकाश (जेपी) गुरूङ, सदस्य श्याम इङनाम, मनोज गौतम र बज्रकुमार राई सहभागी थिए ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**